# असल अभ्यासको संगालो

२०८१

प्रकाशक

**शिक्षा विकास निर्देशनालय**

गण्डकी प्रदेश, पोखरा

# असल अभ्यासको संगालो

२०८१


प्रकाशक

**शिक्षा विकास निर्देशनालय**

गण्डकी प्रदेश, पोखरा

| | | |
|---|---|---|
| प्रकाशन मिति | : | २०८१ |
| प्रकाशन प्रति | : | ५०० |
| सर्वाधिकार | : | ............... |

**मुद्रण:**

**बन्धु अफ्सेट प्रेस**ः

नयाँबजार, पोखरा, ०६१-५८२३४४

bandhupress@gmail.com

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

# शुभकामना



शिक्षण सिकाईमा सुधारका लागि गण्डकी प्रदेश भित्र प्रयोगमा ल्याइएका असल र सफल अभ्यासहरुलाई यस प्रदेश भित्रका विभिन्न विद्यालयहरुले समेत अनुकरण र अनुशरण गरुन भन्ने उद्देश्यका साथ शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशले यस प्रदेश भित्रका विभिन्न विद्यालयहरुमा भए गरेका असल अभ्यासहरुको प्रस्तुतिकरण कार्यक्रम विगत तिन वर्ष देखि गर्दै आइरहेको सन्दर्भमा उक्त कार्यक्रममा प्रस्तुत भएका असल र फरक अभ्यासहरुलाई संगालेर ***असल शैक्षिक अभ्यासहरुको संगालो-२०८१*** प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त खुसी लागेको छ।

विगतमा गण्डकी प्रदेश भित्रका मात्र सरोकारवालाहरुको उपस्थितिमा असल अभ्यास प्रस्तुतीकरण तथा अनुभव आदान प्रदान एवंम् असल अभ्यास प्रवर्द्धन कार्यक्रम गर्दै आएकोमा यस वर्ष देखि अन्तर प्रदेश शैक्षिक अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत अन्य प्रदेशका असल अभ्यास गरीरहेका विद्यालयहरुको समेत अवलोकन गरि गण्डकी प्रदेश भन्दा वाहिरका त्यस्ता सफल विद्यालयहरुलाई समेत सहभागी गराई असल अभ्यास प्रस्तुतीकरण कार्य सम्पन्न गरी उक्त कार्यक्रममा प्रस्तुत भएका अनुकरणीय र अनुशरणीय अभ्यासहरुलाई समेटेर तयार पार्न लागिएको प्रस्तुत संगालोले यस प्रदेश भित्रका विभिन्न विद्यालयहरुलाई फरक अभ्यास गर्न टेवा पुऱ्याउने छ भन्ने विश्वासका साथ यस किसिमको पुस्तक प्रकाशन गर्न लागेकोमा शिक्षा विकास निर्देशनालयलाई धन्यवाद टक्र्याउँछु। "म विद्यार्थीका लागि र विद्यार्थी मेरा लागि" भन्ने समर्पण भावका साथ शैक्षिक गुणस्तर सुधारका निमित्त तल्लिन रहन सम्पूर्ण सरोकारवालाहरुलाई अपिल गर्दै शुभ कामना व्यक्त गर्दछु।

धन्यवाद। जय नेपाल।
२०८१, माघ

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री

☎ 061-457683 Google Plus Code: 6X4F+62X, Pokhara 33700 Email: ocmcmsachibalaya@gmail.com
**Office of the Chief Minister and Council of Ministers**
Gandaki Province, Pokhara, Nepal

गण्डकी प्रदेश सरकार

**सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय**

पोखरा, नेपाल

**निजी सचिवालय**

**माननीय विन्दु कुमार थापा**

**मन्त्री**

*पत्र संख्या : २०८१/०८२*

*चलानी नं. : ३२*

गण्डकी प्रदेश सरकार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय माननीय मन्त्रीज्यूको निजी सचिवालय पोखरा, नेपाल



## शुभकामना !

गण्डकी प्रदेश भित्रका विद्यालयहरुमा शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यका साथ शिक्षा विकास निर्देशनालयले सञ्चालन गर्दै आएको असल अभ्यास प्रवर्द्धन कार्यक्रम अत्यन्त सराहनीय छ । विगत तीन वर्षदेखि सञ्चालन हुँदै आएको यस कार्यक्रमले विद्यालयहरुबीच अनुभव आदानप्रदान गर्ने अवसर प्रदान गरेको छ भने सफल अभ्यासहरुलाई अन्य विद्यालयहरुमा समेत विस्तार गर्ने महत्वपूर्ण भूमिका खेलेको छ।

यस अभियान अन्तर्गत भएका गतिविधिहरू, विद्यालयहरूमा अपनाइएका नवीनतम अभ्यासहरू र तिनले शिक्षामा पारेको सकारात्मक प्रभावको अभिलेखीकरण गर्दै 'असल शैक्षिक अभ्यासहरूको संगालो २०८१' प्रकाशित गरिनु शिक्षा क्षेत्रमा एउटा महत्वपूर्ण उपलब्धि हो । यस प्रकाशनले गण्डकी प्रदेशका विद्यालयहरूलाई मात्र नभई समग्र शिक्षा प्रणालीलाई सुधार गर्न प्रेरणा प्रदान गर्नेछ भन्ने मेरो विश्वास छ ।

गण्डकी प्रदेश सरकार शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा निरन्तर प्रतिबद्ध छ । शिक्षक, विद्यार्थी, अभिभावक तथा शिक्षा क्षेत्रका सबै सरोकारवालाहरूलाई यस अभियानमा सक्रिय सहभागिता जनाई शिक्षालाई अझ प्रभावकारी बनाउने कार्यमा योगदान दिनुहुन आग्रह गर्दछु ।

यस ऐतिहासिक कार्यमा संलग्न सम्पूर्ण विद्यालयहरू, शिक्षकहरू, शिक्षा विकास निर्देशनालय तथा सहयोगी निकायहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । 'असल शैक्षिक अभ्यासहरूको संगालो २०८१' शिक्षाक्षेत्रमा नयाँ प्रेरणा बन्न सकोस् भन्ने कामना गर्दछु ।

मिति : २०८१/१०/२३

...............................

मा.विन्दुकुमार थापा

मन्त्री

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

पोखरा, नेपाल

चलानी नम्बर -
पत्र संख्या - ०८१।८२ मिति - २०८१।१०।१८

**विषयः- हाम्रो भनाई ।**

विभिन्न विद्यालयमा विभिन्न किसिमका फरक-फरक प्रकारका असल र सफल अभ्यासहरू भई राखेका हुन सक्दछन् । ती अभ्यासहरूले विद्यालयको सिकाइ वातावरणमा सुधार ल्याउनुको साथै विद्यालय र समुदाय विच सुमधुर सम्बन्ध कायम गराई विद्यालय प्रति सकारात्मक भावना जागृत गराउन मद्दत गरिराखेका हुन्छन्। एउटा विद्यालयमा भएको सफल अभ्यासलाई अर्को विद्यालयले पनि अवलम्वन गर्दा शिक्षण सिकाईमा सहजता आउनुका साथै गुणस्तरीय शिक्षा हासिल गर्न मद्दत पुग्दछ भन्ने अभिप्रायले शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशले विगत तिन वर्ष देखि असल अभ्यास प्रवर्द्धन कार्यक्रम गर्दै आई रहेको छ । गण्डकी प्रदेश भित्रको कुनै एउटा विद्यालयमा प्रयोगमा आएका असल र सफल अभ्यासहरूलाई अन्य विद्यालयहरूले समेत अनुशरण र अनुकरण गरून र असल अभ्यास गरिराखेका विद्यालयहरूलाई थप प्रोत्साहन मिलोस् भन्ने उद्देश्यका साथ असल अभ्यासहरूको प्रस्तुतिकरण कार्यक्रम गर्दै आई रहेकोमा यस वर्ष अन्तर प्रदेश शैक्षिक अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत अन्य प्रदेशका असल अभ्यास गरिरहेका विद्यालयहरूको समेत अवलोकन गरि फर्के पश्चात गण्डकी प्रदेश भन्दा वाहिरका त्यस्ता विद्यालयहरूलाई समेत सहभागी गराई यही २०८१ माघ ४ र ५ गते नवलपुरमा असल अभ्यास प्रवर्द्धन कार्य समेत सम्पन्न भई सकेको छ । शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखहरू र पालिकाका शिक्षा प्रमुखहरू लगायत सरोकारवालाहरूको उपस्थितिमा गत विगतमा गण्डकी प्रदेश भित्रका असल अभ्यास गरी राखेका विद्यालयहरू र असल अभ्यास गर्न चाहने विद्यालयहरूका विचमा मात्र अनुभव आदान प्रदान एवंम् असल अभ्यास प्रवर्द्धन कार्यक्रम गर्दै आइएकोमा यस वर्ष अन्य प्रदेशका असल अभ्यास गरिराखेका विद्यालयहरूलाई समेत सहभागी गराई उक्त कार्यक्रम सम्पन्न भई सकेको सन्दर्भमा उक्त कार्यक्रममा प्रस्तुत भएका फरक अभ्यासहरूलाई समेटेर असल शैक्षिक अभ्यासहरूको संगालो २०८१ प्रकाशन गर्न लागिएको जानकारी गराउन पाउदा खुशी लागेको छ । गत विगतका असल अभ्यास प्रस्तुतिकरण कार्यक्रमहरूमा पेश भएका र यस वर्षको कार्यक्रममा प्रस्तुत भएका असल शैक्षिक अभ्यासहरूलाई संगालेर प्रकाशन गर्न लागिएको यो संगालोले गण्डकी प्रदेश भित्रका उक्त कार्यक्रममा सहभागी हुने अवसर नपाएका विद्यालयहरूलाई समेत नौला अभ्यासहरू गर्न प्रेरणा प्रदान गर्नेछ भन्ने अपेक्षा गरिन्छ । यसै सन्दर्भमा आफ्नो शुभ कामना उपलब्ध गराई पुस्तक प्रकाशनका लागि अभिप्रेरित गरिदिनुहुने माननीय मुख्यमन्त्रीज्यू, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रीज्यू एवंम् सचिवज्यू प्रति आभार व्यक्त गर्दछु । साथै असल र सफल अभ्यासहरूको प्रस्तुतीकरण गरिदिनु भएका सम्बन्धित विद्यालयहरू, सुधारका लागि सुझाव दिनुहुने महानुभावहरू र पुस्तक प्रकाशनमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरू सबै प्रति धन्यवाद टक्र्याउछु ।

.................

अम्विका प्रसाद आचार्य
महानिर्देशक

# शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेश, पोखरा

## हाल कार्यरत कर्मचारीहरु

| क्र. स. | नामथर | पद | श्रेणी/ तह | स्थायी ठेगाना | मोवाइल नम्बर | फोन नं. |
|---|---|---|---|---|---|---|
| १ | अम्विका प्रसाद आचार्य | महानिर्देशक | सहसचिव | ब्यास-०५, तनहुँ | ९८४६०२६६४८ | |
| २ | घनश्याम पौडेल | उपसचिव | दशौं | अन्नपुर्ण-०३, कास्की | ९८५६०४४२६२ | |
| ३ | बिमला कुमारी शर्मा | उपसचिव | नवौं | पोखरा-०२, कास्की | ९८४६०८३८६३ | |
| ४ | ऋषिराज बाँस्तोला | उपसचिव | नवौं | पोखरा-११, कास्की | ९८५६०३५५० ९ | |
| ५ | खेमराज पौडेल | शा.अ. | आठौं | पोखरा-२०, कास्की | ९८४६१५०९८७ | |
| ६ | इन्द्र बहादुर थापा | शा.अ. | आठौं | पोखरा-१८, कास्की | ९८४७०३१०६१ | |
| ७ | रामचन्द्र ढुंगाना | शा.अ. | आठौं | पोखरा-२६, कास्की | ९८६७१४५५५४ | |
| ८ | प्रकाश ओझा | शा.अ. | आठौं | पोखरा-१३, कास्की | ९८५६०३७१६९ | |
| ९ | सरिता शर्मा | तथ्याङ्क अधिकृत | सातौं | बागलुङ न.पा., बागलुङ | ९८४१९०८४६० | |
| १० | चुडामणि ढकाल | अधिकृत | छैटौ | अर्जुन चौपारी, स्याङ्जा | ९८४६२१९६२४ | |
| ११ | लक्ष्मी थापा | अधिकृत | छैटौं | पोखरा-१६, कास्की | ९८४६१४६५७४ | |
| १२ | गोबिन्द पुलामी मगर | क.अ. | छैटौ | हुप्सेकोट-०३, नवलपुर | ९८४२६४७०८३ | |
| १३ | नवराज पौडेल | अधिकृत | छैटौं | आँधिखोला-०४, स्याङजा | ९८४६१३४६११ | |
| १४ | कृष्णप्रसाद उपाध्याय | लेखा अधिकृत | छैटौं | पर्वत | ९८४६३५०५३६ | |
| १५ | कमला परियार | नायव सुब्बा | रा.प.अनं. प्रथम | जैमिनी-०६, बाग्लुङ | ९८४७७३३१०३ | |

| क्र.स. | नामथर | पद | श्रेणी/तह | स्थायी ठेगाना | मोवाइल नम्बर | फोन नं. |
|---|---|---|---|---|---|---|
| १६ | राजकुमार गौतम | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | मादी-१०, कास्की | ९८६६०५८००१ | |
| १७ | जया पौडयाल | कम्प्युटर अपरेटर | पाँचौ | पोखरा-२५, कास्की | ९८४३६६२३५५ | |
| १८ | राजेन्द्र क्षेत्री | सहायक | पाँचौ | | ९८४६७१८७६५ | |
| १९ | समीक्षा काफ्ले | सहायक | पाँचौ | | ९७४८७६१५२० | |
| २० | सुशीला तिवारी | सहायक | पाँचौ | | ९८६३०४३७१५ | |
| २१ | राजेन्द्र बहादुर थापा | खरिदार | रा.प.अनं. द्वितिय | पोखरा-०९, कास्की | ९८४६०२६७२० | |
| २२ | देबी जंग गुरुङ | ह.स.चा. (करार) | | क्होंलासोथार-०६, लमजुङ | ९८६६३४५६९० | |
| २३ | कृष्णप्रसाद गौतम | का.स. (करार) | | पोखरा-११, कास्की | ९८४६२८५१५४ | |
| २४ | अर्चना चापागाई | का.स. | | अर्जुन चौपारी-०५, स्याङ्जा | ९८६४४२२५८० | |
| २५ | दुर्गा थापा | का.स. | | सिरनचोक-०७, गोरखा | ९७४१६५१६७६ | |
| २६ | निर्मला रेग्मी | का.स. | | बुढिगण्डकी-०७, गोरखा | ९८०६६५७१४४ | |
| २७ | खिम बहादुर थापा | सुरक्षा गार्ड | | बाग्लुङ्ग | ९८०६६७३००७ | |

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | **असल शैक्षिक अभ्यासहरुको संगाला** | |
| १ | पृष्ठभूमि | १ |
| २ | उद्देश्य | १ |
| ३ | सहभागिताको क्षेत्र | १ |
| ४ | क्रियाकलाप | १ |
| | **असल अभ्यास प्रस्तुतीकरण** | |
| ५ | शिक्षा विकास निर्देशनालय | ३ |
| ६ | मिर्मी आधारभूत विद्यालय, कालीगण्डकी गाउँपालिका, स्याङ्जा | ६ |
| ७ | जनक नमूना माध्यमिक विद्यालय, गैँडाकोट न.पा., नवलपुर | ७ |
| ८ | बेनी सामुदायिक मा.वि., बेनी, म्याग्दी | १२ |
| ९ | सिद्धबाबा मा.वि., रेसुङ्गा न.पा., गुल्मी | १७ |
| १० | कालिका मानवज्ञान मा.वि., बुटवल, रुपन्देही | २० |
| ११ | सत्यवती मा.वि., व्यास न.पा., तनह | २७ |
| १२ | ध्रुवज्योति मा.वि., कालिगण्डकी गा.पा., स्याङ्जा | २९ |
| १३ | जनज्योति मा.वि., बराहताल गा.पा., सुर्खेत | ३० |
| १४ | त्रिभुवन बाल मा.वि., कावासोति, नवलपुर | ३६ |
| १५ | भीमसेन आदर्श नमूना मा.वि., देवचुली न.पा., नवलपुर | ३८ |
| १६ | मदरल्याण्ड मा.वि., पोखरा, कास्की | ४९ |
| १७ | मध्यविन्दु न.पा., नवलपुर (खुशी पाठ्यक्रम) | ५१ |

# असल शैक्षिक अभ्यासहरूको संगालो

## १. पृष्ठभूमि

शिक्षण सिकाइ सुधारका लागि गण्डकी प्रदेश भित्रका विद्यालयहरूले सञ्चालन र प्रयोगमा ल्याएका असल र सफल अभ्यासहरूलाई अन्य विद्यालयहरूले अनुसरण गरी विद्यालयका समग्र गतिविधिहरूमा सुधार ल्याउन र असल अभ्यास गरिरहेका विद्यालयहरूलाई प्रोत्साहन गरी प्रवर्द्धन गर्ने उद्देश्यले गण्डकी प्रदेशमा सञ्चालित विद्यालयको समग्र भौतिक एवम् शैक्षिक उपलब्धिस्तर वृद्धि गर्ने प्रयोजनार्थ अनुभव आदान प्रदान गर्ने कार्य सम्पन्न भएको छ ।

## २. उद्देश्य

असल शैक्षिक अभ्यासहरूको प्रचारप्रसार, प्रयोग तथा प्रवर्द्धन गर्ने ।

## ३. सहभागिताको क्षेत्र

क) सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
ख) प्रदेश सभाका सभासद
ग) देवचुली नगरपालिकाका प्रमुख
घ) शिक्षा विकास निर्देशनालय
ङ) ११ वटै शिक्षा विकास तथा समन्वय इकाईहरु
च) शिक्षा सेवा समाज, कास्की र नवलपुर
छ) विभिन्न स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखहरु
ज) सामाजिक विकास कार्यालयहरु
झ) शिक्षकका पेशागत संघ/संगठनका प्रमुख/प्रतिनिधिहरु
ञ) असल अभ्यास गरेका विद्यालयहरु
ट) असल अभ्यास गर्न चाहने विद्यालयहरु
ठ) संस्थागत र सामूदायिक विद्यालयहरु
ड) सञ्चारकर्मीहरु

## ४. क्रियाकलाप

यस कार्यक्रमका क्रममा निम्नानुसारका क्रियाकलापहरु गरिएका थिएः

क) असल एवम् फरक अभ्यास गरेका विद्यालयहरुबाट प्रस्ताव सङ्कलन,
ख) सङ्कलन गरिएका प्रस्तावहरुको छनौट गरी अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम अन्तर्गत असल/फरक अभ्यास गरेका सिद्धबाबा मा.वि.,

गुल्मी, कालिका मानवज्ञान मा.वि., बुटवल र जनज्योति मा.वि., बड्डीचौर, सुर्खेत तथा असल अभ्यास गर्न उत्सुक विद्यालयहरु समेतको सहभागितामा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन,

ग) असल/फरक अभ्यास गरेका विद्यालयबाट प्राप्त अभ्यासहरुको प्रकाशन,

**५. उक्त कार्यक्रममा निम्न निकायको प्रस्तुती प्रस्तुती रहेको थियोः**

अ) शिक्षा विकास निर्देशनालय, पोखरा
आ) मिर्मि आधारभूत विद्यालय, स्याङ्जा
इ) ध्रुवज्योति मा.वि., स्याङ्जा
ई) मदरल्याण्ड मा.वि., पोखरा, कास्की
उ) जनक नमूना मा.वि., गैँडाकोट, नवलपुर
ऊ) भीमसेन आदर्श मा.वि., देवचुली, नवलपुर
ऋ) त्रिभुवन बाल मा.वि., कावासोती, नवलपुर
ऌ) सत्यवती मा.वि., व्यास, तनहुँ
ए) बेनी सामुदायिक मा.वि., बेनी, म्याग्दी
ऐ) सिद्धबाबा मा.वि., रेसुङ्गा न.पा., गुल्मी
ए) कालिका मानवज्ञान मा.वि., बुटवल
ऐ) जनज्योति मा.वि., बड्डीचौर सुर्खेत
आँ) मध्यविन्दु नगरपालिका, नवलपुर

**असल अभ्यास प्रस्तुतीकरणः**

**१) शिक्षा विकास निर्देशनालय**

**क) सन्दर्भ**

- विद्यालयहरुले शिक्षण सिकाइका क्रममा असल एवं सफल अभ्यासहरु गरेका हुन्छन्,
- ती अभ्यासले विद्यालयको वातावरण, सिकाइ गतिविधि, विद्यालय र अभिभावक/समाजबीचको सम्बन्धलाई प्रगाढ बनाई विद्यालय प्रतिको दृष्टिकोणमा नै जनमानसमा सकरात्मक प्रभाव पार्न सफल हुँदा विद्यालयको चौतर्फी विकासमा टेवा पुगेको हुन्छ,
- विभिन्न विद्यालयहरुका अभ्यासहरु फरकफरक हुनसक्छन, जसका कारण विद्यार्थीहरुलाई सिक्ने वातावरण अनुकूल हुँदा विद्यालयहरु राम्रा विद्यालयमा रुपान्तरण भएका छन्,
- विभिन्न विद्यालयले प्रयोगमा ल्याएका नयाँ अभ्यासहरुलाई अन्य विद्यालयका

सरोकारवालाहरुसँग पनि आदानप्रदान गरी कार्यान्वयनमा ल्याउन सके सार्वजनिक शिक्षाको गुणस्तरमा सुधार ल्याउन सकिनेछ ।

**ख) विद्यालयले गरेका अभ्यासहरु**

- नयाँ भर्ना हुन आउने विद्यार्थीलाई फूलमाला, अविर तथा अन्य विविध कार्यक्रम गरी स्वागत,
- शिक्षक/विद्यार्थी तथा विद्यार्थी/विद्यार्थी बीचमा आदरार्थी शब्दको प्रयोगलाई प्रोत्साहन,
- शैक्षिक गतिविधिहरु र विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि वार्षिक मुखपत्र नियमित रुपमा प्रकाशन,
- कक्षा कोठामा मल्टिमिडिया प्रोजेक्टरको माध्यमबाट शिक्षण,
- शिक्षक तथा कर्मचारीहरुलाई आवश्यकता अनुसार ICT तालिमको व्यवस्था,
- इन्टरनेटको सुविधाले सुसज्जित स्मार्ट बोर्ड सहितको कम्प्युटर प्रयोगशाला,
- विद्यार्थीको सहभागितामा प्रार्थना सभामा तहगत रुपमा दैनिक क्वीज, Today thought, news, talent show, ground duty संञ्चालन,
- प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप संञ्चालन (कक्षागत, अन्तरसदनात्मक, खुल्ला),
- विद्यार्थी र शिक्षकहरुको जन्म दिवस प्रार्थना सभामा मनाउने परिपाटी,
- अनुशासनमा टेवा पुऱ्याउन र प्रतिभा प्रष्फुटन गर्न बालक्लव, जुनियर रेडक्रस सर्कल गठन एवंम् विभिन्न कार्यक्रम सञ्चालन,
- कक्षागत रुपमा शैक्षिक अवलोकन भ्रमण र वनभोज कार्यक्रम,
- मासिक स्टाफ बैठक र द्वैमासिक रुपमा बि.व्य.स. तथा शि.अ.सं. र शिक्षक वीच संयुक्त बैठक,
- एक शैक्षिक सत्रमा कम्तिमा ३/४ पटक कक्षागत अभिभावक भेला,
- महिनाभरीमा सबैभन्दा बढी उपस्थिति जनाउने विद्यार्थीहरुलाई कक्षागत रुपमा सम्मान,
- वार्षिक क्यालेन्डर निर्माण गरी विद्यार्थीको हात हातमा एक एक प्रति वितरण,
- बार्षिक रुपमा निःशुल्क स्वास्थ्य परीक्षण लगायत बिबिध सचेतनामूलक कार्यक्रम सञ्चालन,
- विद्यालयको आयोजनामा सिपमूलक कार्यक्रम सञ्चालन,
- विद्यालय परिसर र कक्षाका गतिविधिहरु CCTV मार्फत निगरानी,
- शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन,
- दैनिक पाठ योजनाका लागि शिक्षक डायरीको प्रयोग,
- विद्यार्थी गृहकार्यका लागि Homework डायरीको व्यवस्था,

- मूल्याङ्कनका लागि कक्षा ३ सम्म व्यक्तिगत विद्यार्थी अभिलेखीकरण पुस्तिका (Port Folio) निर्माण सहित प्रयोग,
- अनुशासन र शैक्षिक उपलब्धिमा कमजोर विद्यार्थीलाई मध्यनजर गरी शिक्षकहरुबाट कार्यमूलक अनुसन्धान गरी उपचारात्मक शिक्षणको व्यवस्था,
- शिक्षक अनुपस्थित भएका कक्षा व्यवस्थापनका लागि कक्षा लिने शिक्षकका लागि अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्था,
- वि.व्य.स., शि.अ.संघ, शिक्षक कर्मचारी र विद्यार्थीहरु सहितको सहभागितामा असल अभ्यास सिकाइका लागि शैक्षिक भ्रमण,
- शिक्षणमा प्रयोगात्मक सिकाइका लागि विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला, सङ्गीतालय एवंम् STEAM Lab को व्यवस्था,
- अभिभावक परामर्श तथा गुनासो सुनुवाइका लागि छुट्टै कक्षको व्यवस्था,
- प्राथमिक उपचारका लागि सुविधायुक्त उपचार कक्षको व्यवस्था,
- शिक्षक, विद्यार्थी र अभिभावकका लागि आचार संहिता कार्यान्वयन,
- विद्यालय व्यवस्थापन समितिका सदस्यहरु मध्येबाट संयोजक रहने गरी शिक्षक कर्मचारी, अभिभावक रहेको TOR सहितको विषयगत क्षेत्र छुट्याइ उप-समिति गठन,
- प्रत्येक शिक्षकलाई TOR सहितको विशेष थप जिम्मेवारी,
- शिक्षक र विद्यार्थीको Commitment Plan बनाई कार्यान्वयन,
- कक्षा व्यवस्थापन समिति गठन गरी (क्लास मोनिटर, क्लास भाइस मनिटरलाई अनुशासन, गृहकार्य परीक्षण, सरसफाइ) अनुगमन आदि सहितको TOR सहित जिम्मेवारी,
- विद्यार्थी नेतृत्व विकासका लागि वाल क्लव, विज्ञान क्लव, पठन क्लव, Creative Art क्लव, म्युजिक क्लव, राष्ट्रिय सेवा दल (NCC), Birthday Welfare Fund लगायतका कार्य सञ्चालनका लागि TOR सहित जिम्मेवारी,
- Student Achievement Rising Plan/Result Improvement Plan निर्माण, SLIP (Student Learning Improvement Plan) निर्माण गरी कार्यान्वयन, Teaching Improvement Plan निर्माण र कार्यान्वयन,
- विद्यार्थीको घरको Routine निर्माण र Home Visit,
- शिक्षण सिकाइ तथा शैक्षिक प्रशासनमा प्रविधिको प्रयोग,
- प्राथमिक उपचार, आराम कक्ष र विद्यालय नर्सको व्यवस्था,
- प्रवेश द्धारमा सुरक्षा गार्डको व्यवस्था, विद्यार्थीहरुद्वारा हरेक शिक्षकको इन आउट रेकर्ड राखिने,
- टोल शिक्षा समिति गठन र परिचालन,
- सिकाइ वडापत्र निर्माण र कार्यान्वयन,

- Hello Parents Program र आवश्यकता अनुसार Home Visit.,
- विद्यार्थी लग वुकको कार्यान्वयन,
- विषय शिक्षक अनुपस्थित हुँदा विषयगत रुपमा दख्खल भएका विद्यार्थीलाई My Second Teacher को रुपमा कार्य जिम्मेवारी दिने,
- नौमती बाजा सहितको साङ्गितिक तथा नृत्य कक्षको व्यवस्था,
- अक्षर सुधार कार्य विधि निर्माण र कार्यान्वयन,
- छिमेकी तथा फिडर विद्यालयका प्र.अ. तथा अध्यक्षहरुको चौमासिक रुपमा संयुक्त भेला,
- Job Chart को कार्यान्वयन,
- प्रविधिमैत्री कक्षाकोठा (Interactive Board, Smart TV, Projector, CCTV) भएको,
- विद्यालय, अभिभावक र विद्यार्थीहरुमा सूचना सम्प्रेषण तथा विद्यार्थीको मूल्याङ्कन प्रणाली लगायत अन्य पक्ष व्यवस्थापनको लागि Smart Digital System Software को प्रयोग भएको,
- समाजमा योगदान पुऱ्याउने व्यक्तित्व, पत्रकार, कार्यरत शिक्षक र सेवा निवृत्त शिक्षक कर्मचारीहरुलाई सम्मान र पुरस्कार,
- कार्यालय कक्षबाटै सबै कक्षाहरुमा छुट्टाछुट्टै र एकैसाथ सूचना सम्प्रेषण गर्न साउण्ड सिस्टमको प्रबन्ध,
- विषयगत समिति र परीक्षा समितिको सहकार्य र समन्वयमा परीक्षा सञ्चालन र प्रत्येक परीक्षाफलको विश्लेषण गरिएको,
- छात्राहरुका लागि Changing Room व्यवस्था भएको,
- शिक्षकलाई कक्षाकोठा शिक्षणमा आउने समस्या निरूपण गर्न नियमित शिक्षक सहयोग प्याकेज निर्माण गरी सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइएको,
- विद्यार्थी भर्ना चाप उच्च रहेका कारण विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि निर्माण गरी विद्यार्थी भर्नालाई व्यवस्थित र पारदर्शी बनाईएको,
- विद्यार्थी आवतजावतका लागि स्कुल बसको व्यवस्था भएको,
- विद्यालयको सबै पक्षलाई समेटी शैक्षिक गुरु योजना निर्माण गरिएको,
- शिक्षक तथा कर्मचारीहरुलाई आवश्यकता अनुसार ICT तालिमको व्यवस्था,
- त्रैमासिक परीक्षामा ८०% वा सो भन्दा बढी ल्याउने परीक्षार्थीलाई Head Teacher Award बाट सम्मान,
- उत्कृष्ट वर्ष विद्यार्थी र उत्कृष्ट कक्षा मनिटर छनौट गरी सम्मान,
- Students, Parents & Teacher motivational program सञ्चालन,
- नृत्य, खेलकुद र अन्य विद्याका शिक्षक र प्रशिक्षकको व्यवस्था गरिएको,
- विद्यार्थीहरुको सहज र पहुँचमा उजुरी पेटीका राख्ने र इन्चार्जद्वारा त्यसको

उचित ढङ्गले सुनुवाई गर्ने व्यवस्था गरिएको,

- अक्षयकोषको स्थापना गरी गरिव तथा जेहन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान,
- कानुनका विद्यार्थी र प्रहरीहरुसँग विद्यार्थीहरुलाई अन्तरक्रिया कार्यक्रम सञ्चालन,
- विद्यालयमा खरिद इकाइ गठन गरी सो मार्फत खरिद कार्य गर्ने गरिएको,
- तहगत रुपमा र विषयगत रुपमा इन्चार्जको व्यवस्था गरी जिम्मेवारी किटान गरिएको,
- विद्यार्थीको प्रतिभा पहिचान गरी प्रार्थनाका समयमा प्रस्तुती गराउने गरिएको ।
- विद्यालय वडापत्र र सुझाव पेटिका राख्ने गरिएको,

**ग) समग्रमा**

- विद्यार्थीको उपस्थिति दर बढाउने कार्यहरु,
- विद्यार्थीमा रहेका प्रतिभा तथा क्षमताहरु प्रस्फुटन गराउने कार्यहरु,
- विद्यार्थीको सहभागितालाई प्रोत्साहन गर्ने कार्यहरु,
- शिक्षकले कक्षाकोठामा विताउने समय बढाउने क्रियाकलापहरु,
- शिक्षक विद्यार्थी सम्बन्ध बढाउने कार्यहरु,
- शिक्षकलाई नवप्रवर्तनात्मक कार्य तथा अनुसन्धानमा प्रोत्साहित गर्ने कार्यहरु,
- शिक्षक पेसागत सहयोग,
- प्रधानाध्यापकको विद्यालयका सबै गतिविधिमा लगाव र झुकाब,
- विद्यालय सुशासन,
- विद्यालय र समुदायको सम्बन्ध दिगो बनाउने कार्यहरु,
- स्रोत र साधनको समुचित सदुपयोगमा ध्यान केन्द्रित,
- समग्रमा विद्यालयको शैक्षिकस्तर बढाउने कार्यहरु ।

## २) मिर्मी आधारभूत विद्यालय, कालीगण्डकी गाउँपालिका, स्याङ्जा

**क) विद्यालयले गरेका अनुकरणीय प्रयासहरू**

- बालमैत्री, प्रविधिमैत्री, वातावरणमैत्री तथा सिपमैत्री वातावरण अनुरुपको सिकाइ
- मनोवैज्ञानिक पद्धति अपनाई विद्यार्थीको रुची, क्षमता, उमेरअनुसार दण्ड रहित शिक्षण सिकाई क्रियाकलाप,
- विशेष शिक्षक बिना अतिरिक्त सिकाइ तथा सिप हस्तान्तरण,
- “विद्यालय मेरो र मेरा लागि हो”भन्ने भावनाको विकास,
- बिहान,बेलुका विद्यार्थी द्वारा सरस्वतिको मन्दिरमा पूजा/ रेखदेख,

- विद्यालयको समयपश्चात साथै चाडपर्व बाहेकका सार्वजनिक बिदाका दिनहरुमा पनि अतिरिक्त क्रियाकलाप सञ्चालन,
- नैतिक आचरण,सामाजिक शिष्टाचार, योग,ध्यान आदि सम्बन्धि ज्ञान,
- कक्षा एक बाट नै कम्प्युटर शिक्षा,
- त्रैमासिक रुपमा विद्यार्थीहरुको शैक्षिक उपलब्धि उत्तर पुस्तिका सहित अभिभावकलाई उपलब्ध गराउने व्यवस्था,
- खेल पिरियड (Indoor/Outdoor),
- लाइब्रेरी पिरियड,
- बाल रेडियो कार्यक्रमको निर्माण र प्रसारण,
- जङ्क फुड पूर्ण रुपमा निषेध,
- विज्ञान विषयका कक्षाहरु विज्ञान प्रयोगशालाबाट सञ्चालन,
- अंग्रेजी क्लब,रिडिङ्ग क्लब र स्क्रयाबल क्लब सक्रिय रुपमा क्रियाशील,
- प्रत्यक्ष संगीतमा बिहानी प्रार्थना,
- तेक्वान्दो कक्षा सञ्चालन ।

**ख) निष्कर्ष**

समुदाय,शिक्षक एवम विद्यार्थीहरुको सक्रियतामा सिमित स्रोत साधनका वावजुद विद्यालय पूर्ण बालमैत्री वातावरणमा उच्च गुणस्तरीय प्रविधियुक्त शिक्षा आम बालबालिकाहरुको पहुँचमा पुऱ्याउन निरन्तर प्रयासरत रहेको छ ।

**३) जनक नमूना माध्यमिक विद्यालय, गैँडाकोट न.पा., नवलपुर**

**क) शैक्षिक गुणस्तर अभिवृद्धिमा विद्यालयले गरेका प्रयासहरु**

- सिकाइ उपलब्धिमा आधारित करार सम्झौता एवम् स्वःमूल्याङ्कनः

  क) प्रधानाध्यापकले वि.व्य.स. र शिक्षक अभिभावक संघसँग

  ख) प्रत्येक शिक्षकले वि.व्य.स. र शिक्षक अभिभावक संघको रोहबरमा प्र.अ.सँग,

  ग) त्यस्तै प्र.अ. ले पनि नगर शिक्षा शाखा समक्ष सोही उद्देश्यका लागि करार सम्झौता गरी विविध कार्यक्रमहरु समेटिएको वार्षिक कार्यपात्रो बनाई नतिजा उन्मुख हुने गरी कार्यान्वयन गरेको ।
- शिक्षक स्वमूल्याङ्कन र नतिजा विश्लेषणका आधारमा शिक्षकलाई पुरस्कृत गर्ने,

**अ) उत्कृष्ट कक्षा रनिङ शिल्डको व्यवस्था**

- "मेरो शैक्षिक सामग्री म आफैँ बनाउँछु" भन्ने आदर्श वाक्य सहित शैक्षिक

सामग्री स्वनिर्माण, प्रयोग, प्रदर्शन र भण्डारण,

- खाली पिरियड व्यवस्थापन गर्न छाया टिमको व्यवस्था,
- "म सिगार्छु मेरो विद्यालय प्राकृतिक रंगले" भन्ने आदर्श वाक्य सहितको एक कक्षा एक बगैँचा कार्यक्रम सञ्चालन लगायत अन्य मूल्याङ्कनका सूचकाङ्कका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट कक्षा घोषणा गर्ने र उत्कृष्ट कक्षालाई पुरस्कार तथा प्रमाणपत्र र रनिङ शिल्ड प्रदान गर्ने गरिएको ।

**आ) साथी गुरू कार्यक्रम**

"म सिकाउँछु मेरो साथीलाई" भन्ने आदर्श वाक्यका साथ प्रत्येक कक्षामा अगुवा विद्यार्थीहरु छनौट गर्ने, उनीहरुलाई निश्चित साथीहरु (१:५ को अनुपातमा) सक्रिय गराई सिकाइ उपलब्धी केन्द्रीत शिक्षक निर्दिष्ट गतिविधिमा तोकिएका विद्यार्थीहरुलाई सिकाउने वातावरण बनाउन साथी गुरुको अवधारणा विकास गरी कार्यान्वयन गरिएको छ ।

**इ) हाम्रा ज्ञानी भित्ता कार्यक्रम**

"Each Wall Should teach all" भन्ने आदर्श वाक्य सहित विभिन्न सूचना तथा ज्ञानमूलक वाणी तथा सामग्रीहरु प्रदर्शन गरी प्रत्येक ६/६ महिनामा स्थानान्तरण गर्ने गरी विद्यालयमा हाम्रो भित्तो कार्यक्रम सञ्चालन गरिएको छ ।

**ई) संस्कारी विद्यार्थी, जनक जन्मोत्सव खुत्रुके बचत**

विद्यार्थीहरुमा पातलिँदै गएको आफ्नो जन्मदिन मनाउने मौलिक संस्कृतिलाई पुनरुत्थान गर्न र यस दिन गरिएको दान मार्फत सामाजिक दायित्वमा अंशियार बन्न अभिप्रेरणा सहित सेवाका लागि सामूहिक बचत गर्न सिकाउने उद्देश्यले जनक जन्मोत्सव खुत्रुके बचत कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

**उ) खाली पिरियड व्यवस्थापन**

शिक्षक अनुपस्थित हुँदा खालि पिरियड व्यवस्थापन गर्न उपस्थित शिक्षकलाई अनुकूल हुने गरी अतिरिक्त प्रोत्साहन प्रदान गरी कक्षा सञ्चालन गर्ने कार्यक्रम सञ्चालन गरिएको छ ।

**ऊ) उपचारात्मक शिक्षण**

अत्यन्त न्यून सिकाइ उपलब्धी भएका विद्यार्थीहरुलाई विशेषज्ञ सेवा सहितको उपचारात्मक शिक्षण हुने गरेको छ ।

## ख) विद्यालयमा भएका अभ्यासबाट प्राप्त भएका मुख्य उपलब्धीहरु

- सिकाइ उपलब्धीमा आधारित करार सम्झौताबाट शिक्षक आफ्नो पेशाप्रति बढी जिम्मेवार र जवाफदेही भएको,
- शिक्षकको अनुपस्थितिमा कक्षा खाली नहुने,
- उत्कृष्ट कक्षा रनिङशिल्डबाट अन्तर कक्षा स्वस्थ प्रतिष्पर्धा भएको र कक्षाकोठाको व्यवस्थापनमा सुधार आई शैक्षिक उपलब्धी पनि अभिवृद्धि भएको
- विद्यालयको वातावरणीय पक्षमा सुधार आएको,
- साथी गुरु कार्यक्रमले गर्दा कक्षा भित्र शिक्षकको अनुपस्थितिमा पनि शैक्षिक गतिविधिले निरन्तरता पाएको,
- अत्यन्त न्युन सिकाइ उपलब्धि भएका विद्यार्थीहरुलाई विशेषज्ञ सेवा सहितको उपचारात्मक शिक्षण गर्ने गरिएकोले सिकाइ उपलब्धि बृद्धिमा सहयोग पुगेको,
- ज्ञानी भित्तो कार्यक्रमले सबै खालका विद्यार्थीलाई आकर्षित गरी पठन संस्कृति विकास गरेको,
- विद्यालयको सजावट सुन्दर र आकर्षक देखिएको,
- आफ्नो संस्कृति अनुरुप जन्मदिन मनाउने, खुसी हुने र खुशी बाँड्ने बानीको विकासका लागि जनक जन्मोत्सव खुत्रुके कार्यक्रम तय गरिएको ।

## ग) विभिन्न निकायबाट विद्यालयका शैक्षिक गुणस्तर अभिवृद्धिका लागि भएका प्रयास तथा सहयोगहरु

### अ) स्थानीय तहबाट

- गैँडाकोट न.पा., शिक्षा युवा तथा खेलकूद शाखाले क्यालेण्डर निर्माण गरी विभिन्न वार्षिक योजनाहरु निर्माण गरी कार्यक्रम सञ्चालन गर्दै आइरहेको,
- विद्यालयमा शिक्षक पाठ योजना निर्माणका लागि दैनिक पाठयोजना पुस्तिका, विद्यार्थी योजना निर्माण पुस्तिका वितरण,
- स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयमा पुस्तक उपलब्ध भएको,
- विद्यार्थी कार्य सञ्चयिका निर्माण गरी विद्यालयमा उपलब्ध भएको,
- शैक्षिक प्रदर्शनीका लागि कार्यक्रम र बजेट उपलब्ध भएको,
- विज्ञान प्रयोगशाला निर्माणका लागि आर्थिक सहयोग उपलब्ध भएको,
- बाल विकासदेखि कक्षा ५ सम्म सम्पूर्ण शिक्षण खर्च उपलब्ध भएको,
- विद्यालय हातामा चमेना गृह निर्माणका लागि सहयोग उपलब्ध भएको

### आ) प्रदेश सरकारबाट प्राप्त सहयोग

» STEM Lab स्थापना र सञ्चालनमा सहयोग

» हरित विद्यालय निर्माणका लागि स्यालो ट्युवेल जडानमा सहयोग

**इ)** सरकारी एवम् गैह्रसरकारी संस्थाबाट सहयोग

- दुरसञ्चार प्राधिकरणबाट कम्प्युटर ल्याब स्थापना र सञ्चालनका लागि सहयोग
- एन.सी.सी. र कुमारी बैँकबाट खानेपानी तथा पंखा उपलब्ध भएको

**ई)** नेपाल सरकारबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन तथा कम्प्युटर ल्याव स्थापनाका लागि सहयोग,

**घ) प्राप्त पुरस्कार एवम् सम्मान (विगत ५ वर्षमा)**

- राष्ट्रिय शिक्षा दिवस, २०८० बाट प्रधानाध्यापक सम्मानित हुनु भएको,
- उत्कृष्ट विज्ञान शिक्षकका रुपमा स्टान गण्डकी प्रदेशबाट विज्ञान शिक्षक मोहन भण्डारी छनौट,
- प्रदेशस्तरीय शिक्षक हाजिरी जवाफ प्रतियोगितामा द्वितीय स्थान हासिल,
- शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट उत्कृष्ट कार्यसम्पादन प्रोत्साहन पुरस्कार,
- गैँडाकोट न.पा. शिक्षा, युवा तथा खेलकूद शाखाबाट उत्कृष्ट कार्यसम्पादन सामाजिक परीक्षण पुरस्कार,
- शिक्षा दिवसको उपलक्ष्यमा गैँडाकोट न.पा.बाट उत्कृष्ट सामुदायिक विद्यालयको रुपमा पुरस्कृत ।

**ङ) विद्यालयका केही असल/फरक अभ्यासहरु**

- सि.सि. क्यामेरा, प्रोजेक्टर, स्मार्टबोर्ड जडान र शिक्षण सिकाइमा प्रविधिको प्रयोग,
- द्रुत सूचना प्रवाहका लागि प्रत्येक कक्षामा कार्यालय कक्षबाट नियन्त्रण हुने गरी साउण्ड सिष्टम जडान,
- विभिन्न विषयका व्यवस्थित प्रयोगशाला (ICT, STEM, Physics, Chemistry, Biology),
- विद्युतीय हाजिरी,
- भजन, कृतन, दुनाटपरी गाँस्न तथा ज्योति बत्ति कात्ने कार्यक्रम सञ्चालन,
- शिक्षक, विद्यार्थी तथा अभिभावक उत्प्रेरणा कार्यक्रम,
- विद्यालयको आफ्नै मोवाइल एप निर्माण गरी विद्यालयका सूचना तथा नतिजा विद्यार्थी, शिक्षक एवम् अभिभावकहरु समक्ष पु¥याएको,

- टाढाका विद्यार्थीलाई स्कूल बसको सुविधा,
- लेखा तथा प्रशासनिक कार्य सफ्टवेयरबाट सञ्चालन गरिएको ।

**च) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयको भावी योजना**

- "एक शिक्षक एक ल्यापटप कार्यक्रम" मार्फत शिक्षकहरुलाई ल्यापटप प्रदान गरी प्रविधिमैत्री शिक्षणमा जोड दिने,
- कक्षा १ मा प्रोजेक्टरको व्यवस्था गर्ने,
- शिक्षालाई सीप, सीपलाई श्रम, श्रमलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्दै सिक्दै कमाउँदै कार्यक्रमलाई विस्तार गर्ने,
- विद्यालयलाई इन्नोभेसन जोन (Innovation Zone) को रुपमा स्थापना गरी मध्य नेपालका उत्कृष्ट सिकाइ हवका रुपमा विकास गर्ने,
- कमजोर विद्यार्थी लक्षित उपचारात्मक शिक्षणलाई विशेषज्ञ शिक्षणमा रुपान्तरण गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने,
- शैक्षिक सामग्री निर्माणमा विद्यार्थीहरुको प्रत्यक्ष र सक्रिय भूमिका हुने गरी प्रत्येक वर्ष शैक्षिक सामग्री निर्माण तथा प्रदर्शन सप्ताह सञ्चालन गर्ने,
- सुविधा सम्पन्न पुस्तकालय तथा इ-पुस्तकालय व्यवस्थापन गर्ने,
- सुविधा सम्पन्न छात्राबास कार्यक्रम सञ्चालन गर्ने,
- खुशी शिक्षक, खुशी विद्यार्थी तथा खुशी अभिभावक नमूना विद्यालय कार्यक्रम सञ्चालन गर्ने,
- मागमा आधारित समसामयिक शिक्षक तालिम (DBTTP) को नियमित व्यवस्था गर्ने ।

**छ) गुणस्तर सहितका शैक्षिक उपलब्धिस्तर अभिवृद्धि गर्नका लागि सुझावहरू**

- "विद्यालय दाम कमाउने क्षेत्र नभइ नाम र इनाम कमाउने थलो हो, शिक्षण पेशा विशुद्ध सेवामूलक पेशा हो नाफामूलक हैन" भनि शिक्षकलाई अभिप्रेरित गरौँ,
- शिक्षकलाई पछाडिबाट होइन अगाडिबाट हात दिएर माथि तान्ने प्रयास गरौँ
- विद्यालयलाई राजनीति, नाताबाद कृपावाद आदिबाट मुक्त गर्न "हाम्रोलाई होइन राम्रोलाई छानौँ, आर्थिक प्रलोभनमा नफसौँ", संस्था चुस्ने र व्यक्ति पोस्नेकाम नगरौँ,
- योग्य, दक्ष, इमान्दार र कर्तव्यनिष्ठ सेवामुखी प्रवृत्ति भएका आधुनिक विधि

र प्रविधिसँग परिचित शैक्षिक जनशक्ति नियुक्ति गरौँ,

- मागका आधारमा समसामयिक विषयगत तालिमको व्यवस्था गरौँ,
- हरेक प्रस्तावमा प्रजातान्त्रिक छलफल गराउनुहोस् र निर्णय गराई कार्यान्वयन चरणमा लैजानुहोस् । अनुगमन र समीक्षाको पाटोलाई प्रभावकारी बनाउनुहोस्,
- सामाजिक समर्थनमा अल्पकालिन र दीर्घकालीन शैक्षिक रणनीति तयार गरी विद्यालयका गतिविधि अगाडि बढाउनुहोस्,
- उपलब्धीमा आधारित शिक्षक प्रोत्साहनमा जोड दिऔँ,

गर्दै आएकोः

धन छैन मन छैन चासो कत्ति छैन ।
हाम्ले गर्ने गरेकै छौँ खोजे जस्तौ भैन ॥

अब हामीले गर्ने

धन, मन चासो हाम्री लागे निरन्तर ।
सबै उठ्यौ, जाग्यौँ भने हुन्छ रुपान्तर ॥

**४) बेनी सामुदायिक मा.वि., बेनी, म्याग्दी**

**क) विद्यालयले अबलम्बन गरेका नीतिहरु**

- विद्यालयको दुरदृष्टि,
- शिक्षकको प्रतिवद्धता,
- समुदायको सहयोग,
- अभिभावकको आकर्षण,
- विद्यार्थीहरुका सकरात्मक परिणामहरु ।

**ख) शैक्षिक गुणस्तर**

एसएलसी परीक्षा र एसईई परीक्षा २०६३ देखि २०८० सम्म १५२८ जना सहभागी भई १५२१ जना अर्थात् ९९.५४ जना उत्तीर्ण भएका छन् भने कक्षा १२ को परीक्षा २०६८ देखि २०८० सम्म जम्मा १७२३ जना उपस्थित भई ९६.६३ प्रतिशत अर्थात् १६९५ जना उत्तीर्ण भएका छन् ।

**ग) परीक्षा संचालन र नतिजाको प्रभावकारीताः**

- इकाई, मासिक, चौमासिक र वार्षिक परीक्षा संचालन,
- परीक्षाफलको समिक्षा र पृष्ठपोषण,

- कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा,
- एस.इ.इ. र एस.एल.सी परीक्षामा जिल्लामा नै उत्कृष्ट नतिजा प्राप्त,
- लक्ष्य नै उत्कृष्ट जि.पि.ए.,
- कक्षा १० को हकमा हप्ताको २ पटक परीक्षा संञ्चालन ।

**घ) विद्यालयले गर्दै आएका असल अभ्यासहरु**

- नियमित अभिभावकहरुसँग अन्तरक्रिया, परामर्श र उत्प्रेरणा प्रदान गर्ने कक्षा सञ्चालन,
- सिकाइमा नविनतम प्रविधिको अनिवार्य प्रगोग गरी शिक्षण गरिएको,
- शैक्षिक क्यालेन्डर र भित्ते बुलेटिनको नियमित प्रकाशन गरिएको,
- राहत र निजी शिक्षकहरुलाई संचयकोष, पोषाक र विमाको व्यवस्था गरिएको,
- विद्यालयमा उत्कृष्ट प्रर्दशन गर्ने विद्यार्थीहरुको होल्डीङ बोर्ड बनाएर टाँसिएको,
- शिक्षक र विद्यार्थीहरुलाई विभागिय र क्लवको जिम्मेवारी वाडफाड गरिएको ।
- शिक्षक, अभिभावक र विद्यार्थी सम्मान र शैक्षिक भ्रमणका कार्यक्रमको व्यवस्था गरिएको,
- विद्यार्थी उत्प्रेरणा कक्षा संञ्चालन र वैकल्पिक उर्जाको व्यवस्था गरिएको,
- नियमित शिक्षक, वि.व्य.स., शि.अ.सं., अभिभावक र विद्यार्थी विच बैठक र अन्तरक्रियाको व्यवस्था गरिएको,
- शैक्षिक सत्रमा भर्नाका लागि प्रवेश परीक्षा संचालन गरी भर्ना लिइएको,
- कमजोर विद्यार्थीका लागि परार्मश र अतिरिक्त कक्षा संचालन गरिएको,
- कक्षा ६ देखि १२ सम्म कम्प्यूटर कक्षा संचालन गरिएको,
- नतिजाको बारेमा विषयगत शिक्षकहरु बीच छलफल र अन्तरक्रिया एवम् विद्यार्थीलाई पृष्ठपोषण गरिएको,
- विद्यार्थीको भर्ना, व्यक्तिगत अभिलेख, नतिजा र लेखासम्बन्धी सम्पूर्ण कार्य सफ्टवयर मार्फत गरिएको,
- अतिरिक्त क्रियाकलाप, नृत्य, खेलकुद, अन्य विधाका शिक्षक र प्रशिक्षकको व्यवस्था गरिएको,
- विषय विज्ञ, राजनीतिक व्यक्तित्व, समाजसेवी र उच्च ओहदाका पदाधिकारीद्वारा अभिमुखीकरण कक्षा सञ्चालन गरिएको,
- चन्दादाता, बृद्धिजिवी र विज्ञहरुसंग नियमित परामर्श र सुझाब संकलन,

- व्यवस्थित बालमैत्री शैक्षिक क्रियाकलाप सञ्चालन गरिएको,
- नर्सरी देखि कक्षा ७ सम्म अंग्रेजी माध्यम र कक्षा ८ देखि १२ सम्म अंग्रेजी र नेपाली माध्यमबाट पठनपाठन गराइएको, (प्रत्येक कक्षामा ३ सेक्सन)
- सि.सि. क्यामेराको व्यवस्था सहित डिजिटल विद्यालय,
- गृहकार्य डायरीको व्यवस्था र विद्यार्थी पासआउट कार्डको व्यवस्था,
- नयाँपन सहितको विद्यार्थी नेतृत्वमा पिटी, परेड र ज्ञान विज्ञान पनि समावेश विहानी प्रार्थना कार्यक्रम गरिएको,
- विद्यार्थी र शिक्षकहरुका लागि सुरक्षित, पोषणयुक्त र गुणस्तरीय दिवा खाजा व्यवस्था भएको,
- विद्यालयको आवश्यकतामा आधारित तालिमको व्यवस्था गरिएको,
- फरक क्षमता र विद्यालयका अब्बल विद्यार्थीलाई विद्यालयमा सेवा गर्ने अवसर दिइएको,
- दण्डरहित, भयरहित शिक्षण सिकाइ वातावरण सृजना गरिएको,
- विद्यालयमा नर्स र प्रथामिक उपचारको व्यवस्था,
- बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था भएको,
- आवाधिक परीक्षा, निरन्तर विद्यार्थी मुल्याङ्कन र अक्षराङ्कन पद्धति अवलम्वन गरिएको,
- शिक्षक, वि.व्य.स., शि.अ.स. र कर्मचारीहरुलाई डायरीको व्यवस्था गरिएको ।
- हेलो अभिभावक कार्यक्रम सञ्चालन गरिएको,
- स्कुल बस, उजुरी पेटीकाको व्यवस्था गरिएको,
- विभिन्न अतिरिक्त क्रियाकलाप एवंम प्रतियोगिता,
- तहगत इन्चार्जको व्यवस्था,
- क्लास क्याप्टेन, भाइस क्याप्टेन र स्कुल क्याप्टेनको व्यवस्था,
- शिक्षक उपस्थिती चार्टको व्यवस्था,

**ङ) शिक्षकद्वारा गरिएका कार्यहरु**

- वार्षिक शैक्षिक कार्ययोजना निर्माण,
- शैक्षिक सामग्रीहरुको निर्माण र प्रयोग ,
- पाठयोजना निर्माण गरी शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय,
- विषयगत रुपमा त्रैमासिक र वार्षिक शैक्षिक उपलब्धी निर्माण र पृष्ठपोषण ,
- अभिभावकसँग नियमित अन्तरक्रिया, भेटघाट र सञ्चार,

- विद्यार्थीको लागि उत्प्रेरणा कक्षा सञ्चालन र विद्यार्थी र अभिभावकका लागि नियमित परामर्श,
- विद्यार्थी र अभिभावकहरुको व्यक्तिगत विवरण अभिलेखीकरण,
- कक्षा मनिटर निर्माण सहजीकरण र बसाइ व्यवस्थापन,
- शिक्षकमैत्री योग ध्यान र प्राणायम कार्यक्रम सञ्चालन,
- विषय शिक्षकहरुद्वारा प्रत्येक चौमासिक परीक्षा अगावै ३ सेट प्रश्नपत्र निर्माण गरी विद्यालय प्रशासनमा बुझाउन पर्ने,
- नयाँ विद्यार्थीका लागि शिक्षकद्वारा अभिमुखिकरण कार्यक्रम,
- कक्षागत शैक्षिक भ्रमण संचालन,

**च) विद्यार्थीद्वारा गरिएका असल अभ्यासहरु**

- कक्षा कोठा सरसफाइ र सामग्री निर्माण एवम् सजावट,
- बाल क्लव, रेडक्रस, सांस्कृतिक समूह, खेलकूद लगायत विभिन्न समिति गठन र सहयोग कार्यक्रम सञ्चालन,
- चित्रकला, हस्तकला र भित्ते पत्रिका प्रकाशन र प्रदर्शनी,
- विभिन्न राजनीतिज्ञ, जनप्रतिनिधि, प्रशासकीय अधिकृतहरुको भावी योजनाको बारेमा प्रश्नहरु बनाई अन्तरक्रिया,
- विपन्न, गरिव र विद्यालय पहुँचमा नरहेका बालबालिकाहरुलाई सहयोग,
- विहानी प्रार्थनाको कार्यक्रम संचालन र आफ्नो प्रतिभा प्रदर्शन,
- साहित्य, सांस्कृतिक र खेलकुद कार्यक्रम विद्यार्थीहरुद्वारा नै सञ्चालन,
- सडक नाटक र समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन,
- विज्ञान सामग्री निर्माण एवम् प्रदर्शनी,
- परियोजना कार्य सञ्चालन,
- सडक नाटक एवम् किशोरी माथि हुने हिँसा विरुद्ध सचेतना कार्यक्रम सञ्चालन,
- समुदाय सरसफाई कार्यक्रम संचालन ।

**छ) पूर्व प्राथमिक तह (बालविकास कक्षा) मा भएका अभ्यासहरु**

- खेल्ने समूहका बालबालिकालाई खेल्ने रमाइलो कोठाको व्यवस्था,
- कक्षाकोठालाई आकर्षण गराइएको,
- खेल्दै सिक्दैको कार्यक्रम संचालन गरिएको,

- मल्टिमिडियाको व्यवस्था गरिएको,
- शैक्षिक भ्रमणको व्यवस्था गरिएको,
- स्याहार सुसारको लागि आयाको व्यवस्था गरिएको,
- खेल सामग्रीको व्यवस्था गरिएको,
- नयाँ भर्ना हुने विद्यार्थीका लागि झोला, स्टेशनरीको व्यवस्था गरिएको,
- लिटल डाक्टर र लिटल इन्जिनियर कार्यक्रम सञ्चालन गरिएको,

**ज) विद्यालयले सञ्चालन गरेका अन्य कार्यहरु**

- फिडर विद्यालयका शिक्षकहरुका लागि कम्प्युटर सिकाइ कक्षा सञ्चालन,
- विद्यार्थी उत्प्रेरणा कक्षा सञ्चालन,
- जिल्ला न्यायाधीशको संलग्नतामा न्यायिक सम्बाद कार्यक्रम सञ्चालन,
- नगरप्रमुख तथा वडाध्यक्षसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरी नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा छलफल,
- प्रहरी नायव उपरिक्षकसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिएको,
- सशस्त्र प्रहरी बलसँग समन्वय गरी विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन,
- अनुपस्थित शिक्षकको कक्षा व्यवस्थापन,
- विभिन्न जातजातिको भेषभूषा प्रदर्शनी,
- कक्षा बाहिर निस्कदा पास कार्ड,
- विद्यार्थी तथा शिक्षक कर्मचारीहरुद्वारा योगाभ्यास,
- अभिभावक उत्प्रेरणा कक्षा,
- उज्यालो बैकल्पिक विद्यालय (आमाहरु पढ्ने विद्यालय) सञ्चालन,
- नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, अनुसन्धान तथा गुणस्तर सुधार शाखा, सानोठिमी भक्तपुरबाट असल अभ्यासहरुको संकलन, प्रकाशन, प्रोत्साहन र प्रवोधिकरण कार्यक्रम तर्फ ७ वटा प्रदेशका उत्कृष्ट २१ विद्यालयहरु मध्ये ७ औं र गण्डकी प्रदेशमा दोस्रो स्थानमा आउन सफल ।

**झ) विद्यालयको भावी योजना**

- सबै शिक्षकहरु आइसिटीमा दक्ष भएको र आगामी दिनहरुमा थप दक्ष बनाउन पहल गरिनेछ,

- विद्यार्थी संख्या, कक्षाकोठा, शिक्षक र शैक्षिक सामाग्री थप गर्दै लगिनेछ,
- कम्प्युटर ल्यावमा कम्प्युटर थप, विज्ञान प्रयोगशालामा विज्ञान सामग्री थप व्यवस्था गरिनेछ,
- विद्यार्थी र शिक्षकहरुका लागि आवास गृहको व्यवस्था गरिनेछ,
- मेकानिकल, वाइरिङ, घरेलु उद्योग पलम्बिङ र कपाल काट्ने जस्ता आय आर्जन गर्ने विषयमा विद्यार्थीहरुलाई तालिम वा पढ्दै कमाउँदै गर्ने कार्यक्रमको व्यवस्था गरिनेछ,
- विद्यालयमा म्युजियम र प्रत्येक कक्षाकोठामा मल्टिमेडियाको व्यवस्था गरिनेछ ।
- हरेक कार्यक्रममा सहभागिता र उत्कृष्ट नतिजा हासिल गरिनेछ,
- क्यू आर कोड प्रयोग गरी विद्यार्थी प्रवेश र निस्कने व्यवस्था गरिनेछ ।

**५) सिद्धबाबा मा.वि., रेसुङ्गा न.पा., गुल्मी**

**क) परिचय**

यस विद्यालय लुम्बिनी प्रदेश, गुल्मी जिल्ला क्षेत्र नं. १ अन्तर्गत रेसुङ्गा नगरपालिका वडा नं. ८, खानीगाउँ, तम्घासमा अवस्थित छ । गुल्मी जिल्लाको धार्मिक, साँस्कृतिक प्राकृतिक एवं पर्यटकीय क्षेत्र रेसुङ्गाको काखमा अवस्थित यो विद्यालय समुन्द्र सतह देखि १५८० मीटर उचाईमा रहेको छ । वि.सं.२०४३ सालमा सिद्धबाबा प्रा.वि. को सुरुवात संस्थापक प्रधानाध्यापक श्री तिलबहादुर थापा, लगायत वेदप्रसाद उपाध्याय, रुकबहादुर थापा, झविलाल श्रेष्ठ, डिलबहादुर भलामी जस्ता यस क्षेत्रका अग्रज शिक्षाप्रेमी व्यक्तित्वहरुको अगुवाइमा गाउँकै एउटा बचतघरबाट भएको हो । वि.स. २०४९ मा निम्न माध्यमिक तहको अनुमति पाई वि.स. २०५४ मा माध्यमिक वि.स. २०६१ मा उच्च माध्यमिक तह (कक्षा ११ र १२) को अनुमती पाएको हाल यस विद्यालयमा १५०३ भन्दा बढी विद्यार्थीहरु ५६ भन्दा बढी शिक्षकहरु अध्यापनरत छन् । नर्सरी देखि कक्षा १२ सम्म पढाइ हुने यस विद्यालयमा नेपाली र अङ्ग्रेजी माध्यमका कक्षाहरु (कक्षा नर्सरी देखि १० सम्म पूर्ण अङ्ग्रेजी माध्यम) कक्षा एकदेखि कक्षा १२ सम्म कम्प्युटर विज्ञानका कक्षाहरु सञ्चालित छन् । प्राविधिक धारतर्फ कक्षा ९-१२ मा कम्प्युटर इन्जिनियरिङ विषय पनि अध्यापन हुन्छ । कक्षा ११ र १२ तर्फ विज्ञान, शिक्षा, व्यवस्थापन (होटेल म्यानेजमेन्टसहित), मानविकी र कानून समूहका विषयहरुको पढाइ हुन्छ । विशेषतः रेसुङ्गा नगरपालिकाको वडा नं.८, सेवाक्षेत्र रहेतापनि नगरका १४ वटै वडा र जिल्लाका १२ वटै स्थानीय तह

साथै छिमेकी जिल्लाहरु अर्घाखाँची, प्यूठान,बाग्लुङ, पाल्पा र म्याग्दी जिल्लाका विद्यार्थीहरु समेत यस विद्यालयमा अध्ययनरत छन् । भौतिक अवस्थाको सन्दर्भमा जग्गाः ८ रोपनी ०८ आना ३ पैसा २ दाम विद्यालय भवनः ६ वटा कोठा ५८ स्कुल बस २ वटा रहेको छ । ६५ जना शिक्षक र ८ जना विद्यालय कर्मचारी कार्यरत रहेका छन् ।

**ख) विद्यालयमा क्रियाशील विभिन्न समितिहरु**

- सल्लाहकार समिति,
- विद्यालय व्यवस्थापन समिति,
- शिक्षक अभिभावक सँघ,
- निर्माण समिति,
- सामाजिक परीक्षण समिति,
- यातायात व्यवस्थापन समिति,
- विद्यालय समुदाय सम्बन्ध सुधार समिति,
- खाजा व्यवस्थापन तथा अनुगमन समिति,
- शिक्षक कर्मचारी छनौट समिति,
- सँस्कृति संरक्षण समिति,
- प्रकाशन समिति,
- विद्यार्थी कल्याणकारी कोष व्यवस्थापन समिति,
- अभ्यास शिक्षण समिति,
- परीक्षा समिति,
- खेलकुद समिति,
- सरसफाइ समिति,
- छात्रवृत्ति सिफारिस समिति,
- अतिरिक्त क्रियाकलाप समिति,
- अनुशासन समिति,
- गुनासो व्यवस्थापन तथा परामर्श समिति,
- क्लोथ बैंक व्यवस्थापन समिति,
- साँस्कृतिक समिति,
- पुरस्कार तथा प्रमाणपत्र व्यवस्थापन समिति,
- विभागीय समितिहरु,

- फूलबारी व्यवस्थापन समिति,
- आई.सी.टी. व्यवस्थापन समिति,
- सङ्ग्रहलय व्यवस्थापन समिति,
- प्रहरी विद्यालय सम्पर्क समिति,
- पूर्व विद्यार्थी मञ्च ।

**ग) विद्यालयले गरेका अभ्यासहरु**

- बालमैत्री कक्षाकोठा व्यवस्थापन,
- पठनपाठनमा सूचना प्रविधिको प्रयोग,
- परियोजना कार्य मार्फत गर्दै सिक्दै कार्यक्रम सञ्चालन,
- क्षेत्रगत भ्रभणसँगै सिकाइ,
- समूह कार्य, प्रस्तुतीकरण र पृष्ठपोषण,
- व्यवहारिक सिकाइ,
- समूहमा सिकाइ,
- शिक्षकलाई पेसागत क्षमता अभिवृद्धिको अवसर,
- म मेरो विरुवाबाट सास फेर्छु (एक विद्यार्थी एक विरुवा),
- पुस्तकालय व्यवस्थापन र स्पिकर क्लब,
- ज्ञानीसँग हाम्रा नानी,
- विद्यालयको स्रोतमा नर्स सहितको प्राथमिक उपचार कक्ष तथा नियमित स्वास्थ्य परिक्षण,
- विभिन्न विषयका प्रयोगशाला (विज्ञान, कम्प्युटर तथा STEAM.......),
- मेसिनद्वारा पानी शुद्धिकरण गरी खानेपानीको व्यवस्थापन,
- भुकम्पमापन यन्त्रको प्रयोग,
- असहज अवस्था (महामारीको समय) मा निरन्तर शिक्षाका लागि प्रयासहरु,
- अभिभावक सचेतना कार्यक्रम नियमित सञ्चालन,
- संस्कृति संरक्षणका कार्यक्रमहरु (चाडपर्व, जात्रा, जन्मदिन.....) सञ्चालन,
- लघु सङ्ग्रहालय स्थापना र सञ्चालन,
- विद्यालयका प्रकाशनहरु (शैक्षिक क्यालेण्डर, बुलेटिन, वार्षिक मुखपत्र....) ।

### ६) कालिका मानवज्ञान मा.वि., बुटवल, रुपन्देही

### क) परिचय

कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवल उपमहानगरपालिका, वडा नम्बर १०, कालिकानगर (सेक्टर-१) र रामनगर (सेक्टर-२), रुपन्देही, लुम्बिनी प्रदेशमा अवस्थित छ । यो १९६१ A.D (२०१८ BS) मा स्थानीय बासिन्दाहरूको सहयोगमा स्थापित भएको थियो, जसमध्ये धेरै पूर्व सेनाका कर्मचारीहरू थिए। उनीहरूले आफ्ना छोराछोरीलाई पढाउने महत्त्व बुझे, जसले गर्दा कालिकानगरको दक्षिणी भागमा खुला मैदानमा विद्यालय स्थापना भयो । केहि महिना पछि, विद्यालय हालको स्थानमा बसोबास गर्नु अघि गाईको गोठमा सारिएको थियो ।

प्रारम्भमा, विद्यालय प्राथमिक विद्यालयको रूपमा सुरु भएको थियो र पछि २०२९ सालमा निम्न माध्यमिक तहमा स्तरोन्नति गरिएको थियो। अन्ततः २०३२ सालमा यो माध्यमिक तहको विद्यालय बन्यो। कालिका माध्यमिक विद्यालयले सामान्य र प्राविधिक शिक्षा दुवै प्रदान गर्दछ। सामान्य स्ट्रिममा, प्रारम्भिक बाल विकास (ECD) देखि कक्षा १२ सम्म कक्षाहरू सञ्चालनमा छन्। प्राविधिक स्ट्रिममा, कक्षा ९ देखि १२ सम्म कम्प्युटर इन्जिनियरिङ पाठ्यक्रमहरू उपलब्ध छन्। विज्ञान, कम्प्युटर इन्जिनियरिङ्, व्यवस्थापन, शिक्षा, मानविकी, र कानून लगायतका विभिन्न संकायहरू छन्। हाल, विद्यालयमा ७७५० विद्यार्थीहरू छन्, जुन नेपालको सामुदायिक विद्यालयहरूमा सबैभन्दा धेरै हो। यसमा २५२ शिक्षक र ४५ गैर-शैक्षिक कर्मचारी कार्यरत छन्। सामाजिक उत्तरदायित्वको एक भागको रूपमा, विद्यालयले अनाथ र विपन्न विद्यार्थीहरूको लागि निः शुल्क होस्टेल सुविधा प्रदान गर्दछ। विद्यार्थीहरूको समग्र विकासलाई प्राथमिकता दिदैं राष्ट्रिय स्तरका खेलाडीहरूलाई विशेष सुविधा दिएको छ। प्रत्येक वर्ष, लगभग ३० विद्यार्थीहरूले एमबीबीएस र इन्जिनियरिङ कार्यक्रमहरूको लागि पूर्ण छात्रवृत्ति प्राप्त गर्छन् ।

कालिका स्कुलले धेरै सम्मान प्राप्त गरेको छ। CEHRD द्वारा रिपोर्ट गरिए अनुसार, ९३.५ अंकको साथ यो लगातार नेपालको शीर्ष विद्यालयको रूपमा स्थानमा रहेको छ। गुणस्तरीय शिक्षाप्रतिको प्रतिबद्धताको कदरस्वरुप विद्यालयले २०७१ सालदेखि पाँचवटा राष्ट्रिय झण्डा प्राप्त गरेको छ। यसको प्रभावकारी व्यवस्थापन, उच्च गुणस्तरीय शिक्षा र समर्पित शिक्षकहरूका कारण यसले "ए ग्रेड स्कूल" हुने गौरव प्राप्त गरेको छ।

साथै, ब्रिटिश काउन्सिलले विद्यालयलाई ISA प्रमाणपत्र प्रदान गरेको छ । कालिका मानवज्ञान माध्यमिक विद्यालयले धेरै विपन्न र दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई शैक्षिक अवसरहरू प्रदान गर्दछ । यो अहिले शैक्षिक पर्यटनको लागि लोकप्रिय गन्तव्यको रूपमा देखा परेको छ ।

**ख) बालविकास तह**

- कक्षा शिक्षण पद्धति,
- वालविकास कक्षा प्रथम वर्षमा २ जना शिक्षक र १ जना आयाको व्यवस्थापन,
- एकिकृत पाठ्यक्रम प्रणाली लागू,
- १ जना इन्चार्जको व्यवस्था,
- तीन वर्ष पूरा भएका वालवालिका मात्र सरस्वती पूजाको दिन भर्ना गर्नेव्यवस्था,
- समयानूकूल शिक्षक तालिमको व्यवस्था,
- अभिभावक अनिवार्य उपस्थित हुनुपर्ने व्यवस्था,
- उचित पृष्ठपोषण र सुझाव कार्यान्वियन प्रणाली,
- थिममा आधारित सिकाई पद्धति ।

**ग) प्राथमिक तह (कक्षा १-३)**

- कक्षा शिक्षण पद्धती अवलम्बन,
- एकीकृत पाठ्यक्रम लागू,
- एकीकृत पाठ्यक्रम मुल्यांकन विधि अवलम्वन,
- Theme मा आधारीत सिकाई पद्धती,
- Smart कक्षा कोठा व्यवस्थापन,
- ICT कक्षा व्यवस्थापन,
- नियमित अभिभावक अन्तरक्रिया कार्यक्रम,
- उचित तालिमको व्यवस्था,
- शिक्षक मुल्यांकन र सुझाव,
- ईन्चार्जको व्यवस्था,
- Activity Based Learning को प्रयोग,
- विद्यार्थीको व्यक्तिगत विवरण तथा स्वास्थ्यसम्बन्धी विवरणको अभिलेख,
- निरन्तर विद्यार्थी मूल्याङ्कन तथा सिकाइ उपलब्धी मूल्याङ्कन अभिलेख ।

**घ) प्राथमिक तह (कक्षा ४ र ५)**

- निरन्तर मुल्यांकन विधिको प्रयोग,
- कक्षा संचालनमा ICT को उपयोग,
- विषयगत शिक्षण सिकाई क्रियाकलाप अवलम्वन,
- आवधिक मुल्यांकन व्यवस्था,
- पृष्ठपोषण कक्षा संचालन र सिकाई कार्य,
- एक इन्चार्जको व्यवस्था,
- आवधिक तालिमको व्यवस्था,
- त्रैमासिक, मासिक परीक्षाको अवलम्वन,
- उदार कक्षा उन्नती ।

**ङ) आधारभूत तह (निम्नमाध्यमिक कक्षा ६–८)**

- विषयगत र निरन्तर मुल्यांकन पद्धती,
- अतिरीक्त कम्प्युटर विषय अध्यापन,
- सिकाइमा ICT को प्रयोग,
- सह त्रियाकलाप नियमित,
- विद्यार्थी केन्द्रित शिक्षण सिकाई,
- नियमित अभिभावक अन्तरक्रिया,
- शिक्षक तालिमको व्यवस्था,
- प्रश्नपत्र निर्माण कार्यशाला कार्यान्वयन,
- इन्चार्जको व्यवस्था,
- CMC निर्माण र पूर्ण उत्तरदायी,
- अनुशासन कायम राख्न विद्यार्थी आचारसंहिता विद्यार्थीबाटै निर्माण र लागू ।

**च) कक्षा ९ र १० माध्यमिक तह**

- पूर्ण विषयगत मूल्यांकन पद्धती,
- SMART Board को प्रयोग,
- प्रविधिक धारतर्फ कम्प्यूटर इन्जिजियरीङ् संचालन,
- CMC बाट कक्षा व्यवस्थापन,
- पूर्ण पृष्ठपोषण पद्दतीबाट अनुशासन कायम,
- Proxy कक्षा संचालन,

- Feedback कक्षा संचालन,
- सहक्रियाकलाप नियमित,
- इन्चार्जको व्यवस्था,
- विषयगत समितिबाट समस्या पहिचान र समाधानको व्यवस्था ।

**छ) कक्षा ११ र १२ उच्च माध्यमिक तह**

- व्यवस्थापन, विज्ञान, शिक्षा, मानविकि, कानुन र कम्प्यूटर इन्जिनियरीङ्ग विषय संचालन,
- हरेक विषय समुहको ईन्चार्ज व्यवस्था,
- खेल, साहित्य, संगित विधा समावेश,
- CMC लाई पूर्ण उत्तरदायी बनाई अनुशासन कायम,
- कार्यक्रम संचालनमा स्वायत्तता,
- विद्यार्थीमुखीकरण कार्यक्रम,
- तालिम, सेमिनार, समूदाय सचेतना कार्यक्रम संचालन,
- विधागत उत्कृष्ट विद्यार्थी पुरस्कार व्यवस्था,
- आन्तरिक परीक्षाबाट ३.६० GPA प्राप्त विद्यार्थीलाई पूर्ण छात्रवृत्ती,
- सीपमूलक सिकाई व्यवस्थापन,
- विषय शिक्षणमा विषय शिक्षकको उत्तरदायित्व र अधिकार लक्षित विधि तालिम संचालन ।

**ज) परीक्षा**

- मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक र मौका परीक्षा सञ्चालन ।

**झ) विद्यालय सञ्चालन र व्यवस्थापन**

शैक्षिक सत्र २०८० मा २४४ दिन विद्यालय खुली परीक्षा समय बाहेक २१० दिन पठन पाठन भएको थियो ।

**ञ) शिक्षण सिकाइ व्यवस्थापन**

- स्मार्ट बोर्ड, टिभी र प्रोजेक्टरको प्रयोग,
- विद्यार्थी केन्द्रीत विधिको प्रयोग,
- व्यवहारिक सिकाइ अभ्यास,
- सिपयुक्त सिकाइ व्यवस्थापन,
- कक्षा समुह सिकाइ व्यवस्थापन ।

**ट) वार्षिक योजना**

- शैक्षिक वर्षको शुरुमा वार्षिक शैक्षणिक योजना निर्माण,
- कार्यशालाबाट वार्षिक नीति तथा कार्यक्रम तय र सोही अनुरुप बजेट योजना निर्माण,
- शिक्षक तालीम, शैक्षिक सामग्री निर्माण, तथा Digital Workshop (विद्यार्थी तथा शिक्षक दुबैको लागि) ।

**ठ) व्यवस्थापकीय पक्ष**

- विद्यालयश्रोतका शिक्षक तथा कर्मचारीहरुको विनियम निर्माण र लागू,
- विद्यालयश्रोतका शिक्षक तथा कर्मचारीहरुको संचयकोषको व्यवस्था, उपदानको व्यवस्था ग्रेडको व्यवस्था,
- हरेक शिक्षक कर्मचारीहरुलाई अतिरिक्त १० प्रतिशत सुविधाको व्यवस्थापन,
- मातृशिशु कक्षको व्यवस्थापन अनाथ तथा गरिव विद्यार्थीहरुलाई निःशुल्क छात्रावासको व्यवस्थापन,
- हुनेसँग लिने र नहुनेलाई दिने प्रणालीको व्यवस्थापन,
- विधागत छात्रबृत्तिको व्यवस्था,
- डिजीटल अभिलेख व्यवस्थापन,
- विद्यालय सञ्चालन व्यवस्थापन सफ्टवेयरको प्रयोग,
- नियमानुसार लेखापरीक्षण (शुन्य बेरुजु),
- नियमित अभिभावक अन्तरक्रिया,
- पूर्णकालीन प्र.अ.,
- शिक्षक कर्मचारीहरुको लागि उचित प्रोत्साहनको व्यवस्था,
- विषयगत दरबन्दीको व्यवस्थापन,
- कार्यसम्पादन मुल्यांकन फारम अनिवार्य,
- शिक्षक कर्मचारी सुविधामा समान व्यवस्थापन,
- वर्ष शिक्षक लगायत उत्कृष्ट इन्चार्ज, कर्मचारी र शिक्षक पुरस्कारको व्यवस्थापन ।

**ड) कक्षा व्यवस्थापन**

- कक्षागत रुपमा इन्चार्जको व्यवस्थापन,
- विषयगत जिम्मा विषय समितिलाई,

- कक्षा व्यवस्थापन समिति निर्माण,
- मासिक रुपमा आलोपालो मनिटर व्यवस्थापन,
- कक्षा मनिटरलाई कक्षा व्यवस्थापन प्रशासनको जिम्मेवारी,
- लग बुकको व्यवस्था ।

**ढ) सहक्रियाकलाप**

- विधागत समुह निर्माण,
- खेल प्रशिक्षकको व्यवस्था,
- तह अनुसार संयोजकको व्यवस्था,
- संगीत प्रशिक्षकको व्यवस्था,
- विद्यार्थीहरुबाट नै कार्यक्रम सञ्चालन,
- साझेदारीमा सह क्रियाकलाप सञ्चालन,
- विधागत संयोजक विद्यार्थी हुने व्यवस्था,
- विद्यार्थीबाट नै खेलको प्रशिक्षण,
- जिल्ला स्तरिय कालिका कप प्रतियोगिता सञ्चालन,
- ६ वटा राष्ट्रपति कप मध्ये ५ पटक विजेता,
- राष्ट्रिय राष्ट्रपति कपमा विद्यार्थी सहभागिता र मेडल प्राप्त,
- राष्ट्रिय खेलाडि उत्पादन,
- राष्ट्रिय खेलमा सहभागिता र मेडल प्राप्त ।

**ण) विद्यालयको प्रगति तथा उपलब्धी**

- नेपाल प्रथम २०७३,
- नेपाल प्रथम प्राविधिक २०७० देखि हालसम्म,
- नेपाल तृतीय २०७४,
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०८० को शैक्षिक प्रतिवेदनबाट ९३.५ अङ्क सहित नेपाल प्रथम,
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट २०८० मा प्रकाशित ४२२ वटा नमुना विद्यालयहरुमध्ये सर्वोत्कृष्ट,
- असल अभ्यास सञ्चालनमा नेपालका सामुदायिक विद्यालयहरुमा सर्वोत्कृष्ट,
- नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापनमा उत्कृष्ट भइ रु ५ लाख पुरस्कार प्राप्त,

- बुटवल उपमहानगरपालिकाबाट उत्कृष्ट एसइइ नतीजा विद्यालय पुरस्कार,
- PAN बाट उत्कृष्ट विद्यालय पुरस्कार २०८०,
- केन्द्रविन्दु +२ Academic excellence Award २०८१ ।

**त) अन्तर्राष्ट्रियस्तरका उपलब्धीहरु**

- दुइपटकसम्म लगातार अन्तर्राष्ट्रिय विद्यालय पुरस्कार जित्न सफल,
- दुइपटकसम्म लगातार बेलायत शैक्षिक भ्रमणको लागि शिक्षक छनौटमा पर्न सफल ।

**थ) विद्यालयका फरक अभ्यासहरु**

- किसानसँग विद्यार्थी कार्यक्रम,
- शिक्षण विधि अभिमुखीकरण तथा अभिवृद्धि कार्यक्रम,
- प्रश्नपत्र निर्माण कार्यशाला,
- विषय प्रमुखबाट कक्षा अवलोकन र सुधारका उपाय आदान प्रदान,
- विद्यार्थीहरुकै सहभागिता र नेतृत्वमा विद्यार्थी आचारसंहिता निर्माण र सफल कार्यान्वयन,
- शिक्षक कर्मचारीकै सहभागितामा शिक्षक कर्मचारी आचारसंहिता निर्माण र कार्यान्वयन,
- कक्षा कोठालाई प्रभावकारी बनाउन आइसिटीको प्रयोग, बिना शैक्षिक सामग्री शिक्षकलाई कक्षाकोठामा प्रवेश नगर्ने प्रतिबद्धता, कक्षाकोठामा पुग्दा शिक्षक मुस्कानसहित प्रस्तुत हुने,
- नैतिक शिक्षा र व्यवहारिक अभ्यासलाई जोड,
- Responsibility and accountability को सिद्धान्तलाई व्यवहारिक रुपमा प्रयोग,
- अभिभावकहरुलाई प्रशिक्षण,
- कक्षा व्यवस्थापन समिति (CMC) लाई प्रशिक्षण र पूर्ण जिम्मेवारी हस्तान्तरण,
- हरेक दिनको प्रार्थना समयमा महत्वपूर्ण घटना र विषयमा विचार राख्ने अवसर र आकर्षक साङ्गीतिक पिटीको व्यवस्था,
- विद्यार्थीहरुको सहज र पहुँचमा उजुरी पेटीका राख्ने र इन्चार्जद्वारा त्यसको उचित ढङ्गले सुनुवाई गर्ने व्यवस्था,
- वार्षिक शैक्षणिक योजना, शिक्षक तालिम, शैक्षिक सामग्रीहरुको निर्माण तथा

खरिद सहित शैक्षिक वर्षको सुरुवातमै सबै शिक्षकले आ-आफ्नो तयारी पूरा गरेको हुनुपर्ने व्यवस्था,

- प्रत्येक विद्यार्थीहरुको डिजिटल प्रोफाइल तयार गरी विद्यार्थी मूल्याङ्कनको व्यवस्था,
- Soft Skill लाई पूर्ण रुपमा लागू गरी कक्षालाई प्रभावकारी बनाउदै सिकाइ उपलब्धिलाई मापनयोग्य गरिएको,
- नियमित रुपमा मूल्याङ्कन, मासिक, २ वटा त्रैमासिक, १ वार्षिक र २ वटा त्रैमासिक मौका परीक्षा सञ्चालन र कुनै विषयमा असफल भए मौका परीक्षाको अवसर,
- बालविकास कक्षा देखि कक्षा ३ सम्म एकीकृत पाठ्यक्रम मूल्याङ्कन विधि अबलम्बन,
- कक्षा ११ र १२ का हरेक आन्तरिक त्रैमासिक परीक्षामा ३.६० GPA भन्दा माथि नतिजा प्राप्त गर्ने विद्यार्थीहरुलाई निःशुल्क छात्रवृत्ति र बोर्ड परीक्षामा उत्कृष्ट जिपिए प्राप्त गर्ने विद्यार्थीहरुलाई नगद पुरस्कारको व्यवस्था, जम्मा भर्नाको १० प्रतिशत विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्ति प्रदान,
- छात्रबासमा अनाथ तथा गरिब विद्यार्थीहरुलाई निःशुल्क राख्ने व्यवस्था,
- नियमित रुपमा प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप (हरेक शुक्रबार ५औं घण्टी पश्चात) सञ्चालन,
- अभिभावक विद्यार्थी र शिक्षकहरुबीच अन्तर्क्रिया कार्यक्रम सञ्चालन,
- शैक्षिक प्रशासनमा तहगत इन्चार्जको व्यवस्था,
- बालविकास कक्षामा प्रवेश गर्ने बालबालिकालाई विद्यालय पोसाक तथा स्टेशनरी निःशुल्क वितरण,
- अङ्ग्रेजी र नेपाली दुवै माध्यममा अध्यापन व्यवस्था,
- दण्डहीन (बालमैत्री) शिक्षण सिकाइ अभ्यास,
- कार्य सम्पादन मूल्याङ्कनका आधारमा शिक्षक बिच प्रतिस्पर्धात्मक वातावरण तयार गरी प्रत्येक वर्षको लागि उत्कृष्ट शिक्षकहरुको घोषणासहित पुरस्कृत गर्ने व्यवस्था ।

**७) सत्यवती मा.वि., व्यास न.पा., तनहुँ**

**क) विद्यालयको भौतिक पक्ष**

विद्यालयको जग्गाः ४ रोपनी, १४ आना,  विद्यालयको भवन संख्याः ४ वटा जम्मा

कोठा संख्याः ७२ वटा कक्षाकोठा ४७ वटा, विज्ञान प्रयोगशाला ३, स्टिम ल्याव १, कम्प्युटर प्रयोगशाला ३, पुस्तकालय १, कार्यालय १०, अन्य ७, वि.व्य.स. एवं शि.अ.संघ कक्ष १, विद्यार्थी परामर्श कक्ष १, सभाहल १, चमेनागृह १, शौचालय कक्षा कोठा र विद्यालय परिसरमा CCTV राखिएको, इन्टरनेट सहित सबै कक्षामा Smart Board वा Smart TV जडान गरिएको ।

**ख) विद्यालयमा सञ्चालित कार्यक्रम**

प्रारम्भिक बाल शिक्षा देखी कक्षा ११ र १२ का विषय समूहहरु, विज्ञान, व्यवस्थापन, शिक्षा, प्राविधिक तथा व्यवसायिक धारतर्फ कक्षा ९ देखि १२ सञ्चालनमा रहेका छन् ।

**ग) विविध गतिविधि तथ्याङ्क २०८०**

- विद्यालय खुलेको दिनः २३१ दिन,
- खुद पढाइ भएको दिनः २२० दिन,
- विद्यार्थी कुल हाजिरी प्रतिशतः ९४.१५,
- शिक्षकहरुको कुल हाजिरी प्रतिशतः ९२.३४,
- अभिभावक र कक्षा शिक्षक अन्तर्क्रिया : ४ पटक,
- वि.व्य.स. बैठक संख्याः ४२ वटा,
- शि.अ.संघ बैठक संख्या : ९ पटक,
- अभिभावक भेला : ९ पटक,
- सामाजिक परीक्षण समितिको बैठक संख्या : ४ ।

**घ) असल अभ्यासहरु**

- त्रैमासिक परीक्षाको नतिजाका आधारमा जेहेन्दार छात्रवृत्ति वितरण,
- शनिवारे परीक्षा, विद्यार्थीलाई घरको रुटिन,
- विशेषज्ञहरुबाट मोटिभेसनल कार्यक्रम,
- अक्षर सुधार योजना, तालिम,
- विद्यालय स्रोतबाट नर्स र आवश्यक सामग्री सहितको प्राथमिक उपचार कक्ष
- गुनासो सुनुवाई,
- फुलवारी व्यवस्थापन,
- अतिरीक्त क्रियाकलाप, शुक्रवारे क्रियाकलाप र अन्य,
- अभिभावक परामर्श,
- कक्षागत रुपमा कक्षा १०, १२ का विद्यार्थीहरुलाइ शैक्षिक भ्रमण, कक्षा ८ सम्म स्थानिय पाठ्यक्रममा आधारीत लघु भ्रमण,

- विद्यार्थीहरुको बहुआयमिक प्रतिभा प्रस्फुटनको अवसर,
- अनुशासनमा महत्त्वर्पूण मानिएको प्रतिबद्धता फारमको प्रयोग,
- कक्षा १० को अतिरीक्त कक्षा (६–६) बिहानी र बेलुकी अनिवार्य,
- कमजोर वा गयल विद्यार्थीहरुको अभिभावकसंग कक्षा शिक्षकको नियमित सम्पर्क,
- विद्यालयमा अधिकतम समयको योगदान, अभिभावकलाई Counselling,
- Class Captain, Student Log Book, Leisure Period Replacement,
- शिक्षकका छोरा छोरी आफ्नै विद्यालयमा,
- एक शैक्षिक सत्रमा ४ पटक परीक्षा,
- हरेक परीक्षाको एक एक विद्यार्थी केलाएर नतिजा बिश्लेषण,
- शिक्षकहरुको प्रोत्साहन, तालिम, गोष्ठि, छलफल, अन्तक्रिया,
- विद्यार्थीलाई Class Exit Card,
- समस्यामुलक विद्यार्थी पहिचान, समस्या निदानको प्रयास,
- प्रविधिको अधिकतम प्रयोग, लाइब्रेरी, ल्याब, प्रयोशाला, स्टीम ल्याब,
- छात्र छात्रा परामर्श, विद्यार्थी पोर्टफोलियो, व्यद Chart,
- अभिभावक भेला र अभिमुखीकरण,
- विशेष जिम्मेवारी, बार्षिक उत्सवमा शिक्षक सम्मान,
- शैक्षिक क्यालेण्डर,
- शिक्षक तालिम, अभिमुखिकरण,
- विशेष जिम्मेवारी, नियमित बैठक, विषयगत छलफल, शिक्षक डायरी,
- Scout, Red cross, बाल क्लब, बिज्ञान क्लब, House Division,
- शैक्षिक क्यालेण्डर अनुसार गतिविधि,
- प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप,
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको छैठौं संस्करण सम्म लगातर,
- ६ वर्ष प्रथम भई २ पटक शिल्ड जित्न सफल,
- शिक्षक तथा कर्मचारी (निजि स्रोत समेत) लाइ संचयकोष,भ्रमणको व्यवस्था ।

**८) ध्रुवज्योति मा.वि., कालिगण्डकी गा.पा., स्याङ्जा**

**क) विद्यालयले गरेका केही असल अभ्यासहरु**

- ९:४५ देखि ५:०० बजेसम्म कक्षा संञ्चालन,
- एसेम्ब्लीमा समेत विद्यार्थी प्रतिभा कार्यक्रम,

- विद्यार्थी जव चार्टको व्यवस्था,
- विद्यार्थी लग बुकको व्यवस्था,
- कक्षागत विदयार्थी आचार संहिता,
- बर्षे विदा र हिउदे विदामा कक्षा संचालन,
- शिक्षक डायरीको व्यवस्था,
- नियमित अभिभावक अन्तर्क्रिया तथा घरदैलो,
- एक विद्यार्थी एक उत्पादन/श्रम गर्ने बानीको विकास,
- सहपाठी कक्षा अवोलोकन,
- नियमित शनिबार नमुना परीक्षा,
- शुक्रवारिय अतिरिक्त क्रियाकलाप,
- विद्यार्थी तथा शिक्षक सम्मान,
- वर्थ डे फण्ड को व्यवस्था,
- जङ्क फूड निषेध गरिएको,
- नागरिक वडापत्र,
- खाली पिरिएडको व्यवस्थापन,
- शिक्षकहरुको जिम्मेवारी विभाजन ।

**९) जनज्योति मा.वि., बराहताल गा.पा., सुर्खेत**

**क) परिचय**

सुर्खेत जिल्लाको सदरमुकाम विरेन्द्रनगर देखि करिब ३० कि.मी. पश्चिमको बराहताल गाऊपालिका ५ बड्चिौरमा हालको श्री जनज्योति माध्यामिक विद्यालय वि.सं. २०२९ साल बैशाख ३० गते नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको नाममा स्थापना भएको र २०४३ साल देखि हालको नाम श्री जनज्योति कायम भएको पाइन्छ । यस विद्यालयको संस्थापक अध्यक्ष श्री रत्नबहादुर थापा र संस्थापक प्र.अ. को रुपमा श्री राजाराम गरंजाको सक्रियतामा संचालन भएको थियो भने अन्य स्थानिय शिक्षाप्रेमी, बुद्धिजीवी, समाजसेवीहरुको पनि त्यत्तिकै महत्वपुर्ण भूमिका रहेको थियो । शुरुमा कक्षा १ वाट स्थापना भएको विद्यालय क्रमिक रुपमा २, ३ हुदै वि.सं. २०३२ सालमा प्रा.वि. तह स्वीकृत प्राप्त गऱ्यो । वि.सं. २०३८ साल देखि नि.मा.वि. तहको पठन पाठन संचालन गरेको र त्यसको १४ वर्ष पछि वि.सं. २०५२ सालमा पहिलो पटक SLC Board परीक्षामा सामेल भएकोमा २०६६ वाट

उच्च मावि संचालन भएको छ । सुस्त श्रवणका लागि २०५४ देखि बिशेष कक्षा पनि संचालनमा रहेको थियो । हाल सो कक्षा समायोजन भई सिद्धबहिरा बिरेन्द्रनगर सुर्खेतमा गाभिएको छ ।

प्राविधिक शिक्षा तर्फ CTEVT को १५ महिने कृषि जे.टि.ए. पूर्ण सरकारी अनुदानमा २०६७ साल देखि संचालित हुदै आएकोमा २०७१ साल देखि १५ महिने कृषि जे.टि.ए.लाई २९ महिने र १५ महिने भेटेरेनरी जे.टि.ए. पनि संचालन भएको थियो । भने हाल सो कार्यक्रमलाई १८ महिने कृषि र भेटेरिनरी भनि संचालनमा रहेका छन् । २०७१ देखि ३ वर्षे कृषि डिप्लोमा कार्यक्रम संचालन शुरु गरेको छ । यसै गरी वि.सं. २०७३ देखि भुकम्प पिडितका बालबालिकाहरुका लागि ३ बर्षे कृषि डिप्लोमा सुचारु भई सो वर्ष देखि ३ बर्षे पशु विज्ञान पनि संचालनमा रहेको छ । उक्त कार्यत्रमलाई थप सक्षम र दक्ष जनशक्ति उत्पादन गर्नका लागि थप कृषि सम्बन्धि कार्यक्रमहरु संचालन गर्दै जाने विद्यालयको भावी योजना छ ।

**ख) विद्यालयको दुरदृष्टि (Vision)**

- दक्ष, प्राविधिक जनशक्ति उत्पादन गर्ने ।

**ग) ध्येय (Mission)**

- गुणस्तरीय प्राविधिक शिक्षा उपलब्ध गराउने,
- प्रयोगात्मक सिकाइमा विशेष जोड दिने ।

**घ) उद्देश्यहरु (Goals)**

- प्रशिक्षार्थीहरुको ज्ञान, सीप, धारणामा परिवर्तन ल्याउने,
- स्वरोजगार भइ आत्मनिर्भर हुने,
- बेरोजगारी समस्या न्यून गर्ने,
- स्थानीय स्रोत साधनको अधिकतम सदुपयोग गरी जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने,
- प्राविधिक शिक्षाप्रति समाजको धारणामा परिवर्तन ल्याउने,
- दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने,
- परम्परागत कृषि प्रविधिलाई विस्थापन गरी नयाँ प्रविधिको विकास गर्ने,
- देशको विकासमा टेवा पुऱ्याउने,
- पढाई साथमा, कमाइ हातमा ।

**ङ) विद्यालयमा सञ्चालनमा रहेका कार्यक्रमहरु**

- शिशु देखि १२ कक्षा,
- १८ महिने कृषि जे.टि.ए.,
- १८ महिने भेटेरेनरी जे.टि.ए.,
- ३ बर्षे कृषि डिप्लोमा,
- ३ बर्षे कृषि भेटेरिनरी डिप्लोमा ।

**च) विद्यार्थी विवरण**

साधारण र प्राविधिक धार तर्फ छात्रा ४९१ र छात्र ४६३ गरी जम्मा ९५३ जना अध्ययनरत छन् ।

**छ) विद्यालयका फरक अभ्यासहरु**

१) TECS कार्यक्रम अन्तरगत

क) १ विगाहमा माछापालन ख) मौरी पालन ग) गाईपालन

घ) कपुर खेती ङ) लेमनग्रास खेती च) कुरीलो खेती

छ) तरकारी खेती ज) अन्नवाली खेती

झ) टनेलमा बेमौसमी तरकारी खेती र छोटो अवधिको तालिम (इजरायलका लागि समेत)

ञ) विद्यालय भरीको पिसाब संकलन गरी खेतीमा प्रयोग

ट) खरायो पालन ठ) बेसार खेती ड) केरा खेती

ढ) गड्यौला मल खेती ण) बाख्रा श्रोत केन्द्र

२) ग्लोबल आइएमई बैंकको शाखा रहित बैंकिङ्ग सेवा सञ्चालन गरी विद्यालयको छात्रवृति लगायत सबै सेवाहरु बैंक मार्फत प्रदान गरेको

३) धेरै संघ सस्था संगको समन्वय गरी काम गर्ने गरेको ।

(क) सिप्रेड (ख) हेल्भेटास (ग) लिवर्ड (घ) रेष्ट नेपाल

(ङ) स्याक (च) नवज्योति केन्द्र (छ) सहास नेपाल

४) विद्यालयमा अध्ययनरत प्राविधिक विद्यार्थीको ३० वटा भन्दा वढी समुह बनाई उत्पादनमूलक कृषि कार्यहरु गराइएको ।

५) टोल शिक्षा समिति गठन गरिएको ।

६) नेपाल सरकारवाट छनोट गरिएका २२२ नमुना विद्यालयमा छनोट भएको ।

७) विद्यार्थीका लागि Job Help Desk संचालन ।

८) जनज्योति व्यवसायिक क्लब

९) ३०० कृषि प्राविधिक किसान संग कार्यक्रम ।

१०) सिप्रेडद्वारा निर्मित आउटलेटवाट अभिभावकलाई सेवा दिने व्यवस्था गरिएको ।

**ज) अवधारणाको विकास**

- सुर्खेत जिल्लाको बङ्गीचौरस्थित श्री जनज्योति माध्यामिक विद्यालयमा त्यहीका प्रधानाध्यापक, शिक्षक र स्थानीय समूदायको संयुक्त प्रयासमा यो अवधारणा विकास भएको हो । त्यहाँको विद्यालय परिवारले आफ्नै सोच र प्रयासवाट यस प्रकारको अभ्यास शुरु गरे,
- कर्णाली प्रदेश सरकारले विद्यालयलाई ५० लाख रुपैया पढदै कमाउदैका लागी सहयोग गरेको,
- करिब दश बर्षको विद्यालयको अभ्यासबाट सिकाइ गरी नेपाल सरकारले नेपाल राज्यका २४० वटा विद्यालयमा सो कार्यक्रम कार्यान्वियन गर्ने गरी बजेटको व्यवस्था गर्‍यो। शिक्षा मन्त्रालय मार्फत बजेट विद्यालयहरुमा पठाउने नीति बन्यो ।

**झ) के हो पढ्दै कमाउँदै**

- विद्यालय तहका विद्यार्थीहरुले आफ्नो पठनपाठनलाई निरन्तरता पढ्ने र पढाउने विधिमा उत्पादन तथा आर्थिक उपार्जन संग जोडी व्यवहारिक ज्ञान र सिपको विकास समेतवाट सिकाइलाई अर्थपूर्ण बनाउने प्रक्रिया पढ्दै कमाउदै को अवधारणा हो,
- पढदै कमाउदै कार्यक्रममा विद्यार्थीहरु काम गर्छन र कमाउछन्, पढाइलाई झन अर्थपूर्ण बनाउछन्,
- कमाइवाट अभिभावकको आर्थिक बोझ केही हदसम्म भए पनि कम गराउछन् । विद्यालयतहवाट माथि गए पछि उनीहरुमा घरपरिवारमा निर्भरता कम हुन पर्ने हुन्छ त्यतिवेला आफ्नै कमाइमा पढ्न पर्ने हुन्छ त्यसैले विद्यालय शिक्षा पछिको कार्यक्रमलाई कमाउदै पढ्दै भनिएको छ,
- शिक्षा अर्थात पढ्ने भन्ने कुरा ज्ञान प्राप्त गर्ने मात्र नभएर सिप र असल प्रकृतिको विकास गर्न पनि हो । यो अवधारणा ज्ञान, सिप र प्रवृत्तिको संगसंगै विकास गर्ने कुरामा आधारित छ ।

### ञ) औचित्य

- शैक्षिक बेरोजगारलाई सम्बोधन गर्न,
- शिक्षा रोजगारको लागि,
- Brain Drain रोक्न,
- पञ्जीको सट्टा सञ्जी,
- खाडिको सट्टा बारी,
- शिक्षाको नाममा गइरहेको स्वदेशी पुँजी कम खर्च,
- Youth less and Tooth less कम गर्न,
- रोटी कमाउनु ठूलो कुरा होइन, परिवार सँगै बसरे रोटी खान पाउनु ठूलो कुरा हो ।

### ट) उद्देश्यहरू

- शैक्षिक बेजारगारको अन्त्य गर्न सहयोग गर्नको लागि विद्यार्थिमा व्यवसाय प्रतिको आकर्षण बढाउने,
- पढाई लाई अभ्यास संग जोड्न विद्यार्थिमा व्यवहारीक ज्ञानको अभिबृद्धि गर्ने,
- यूवाहरुलाई व्यवसायको लागि मानसिक रुपमा तयार गर्न सहयोग गर्ने,
- नमुना व्यवसाय तथा प्रविधि प्रर्दशनी र मोड्युलको समुदायमा सकारात्मक सन्देश प्रभाह गरी व्यवसाय विस्तारमा सहयोग गर्ने ।

### ठ) प्रक्रिया

ILL→K+ILL=KILL→Education→S+K+ILL=SKILL

सर्च, रिसर्च अनि खर्च अभियान

### ड) असर र प्रभाव

- विद्यार्थीको सिकाई व्यवहारिक र अर्थपुर्ण हुनेछ,
- शैक्षिक बेरोजगारमा कमी आउने छ,
- जीवन उपयोगी सिप सिक्नेछन्,
- उत्पादनमा वृद्धि हुनेछ,
- बिद्यालयमा मौलिक र स्वस्थ दिवा खाजा तथा खाना खानेछन्,
- कमाईवाट अभिभावकको आर्थिक भार कम हुनेछ,
- राज्यले आयात गर्ने वस्तुमा कमी आउने र मुलकुको अर्थतन्त्रमा सुधारमा सहयोग हुनेछ,
- स्थानीय स्तरमा रोजगारी र स्वरोजगारका अवसर सिर्जना हुनेछ,

- जागीरे मानसिकतामा कमी आई युवाहरु व्यवसाय गर्न इच्छुक हुनेछन् ।

**ढ) भावी योजना**

- स्थानीय तहसँगको सहकार्यमा युवा परिचालन गरी पालिकालाई बाँझो जमिन रहित पालिका बनाउने (खेतीयोग्य जमिन पुर्णरुपमा खनजोत) कार्यक्रम सञ्चालन गर्ने,
- प्राविधिक कर्मचारी परिचालन गरी व्यवसायिक उत्पादन वृद्धि गन,
- किसान समुह, सहकारी मार्फत खेतीयोग्य जमिन पुर्णरुपमा खनजोत गर्ने,
- प्राबिधिक शिक्षामा संलग्न अध्ययनरत बिद्यार्थीहरुलाई उत्पादन संग जोड्ने,
- "बाँझो रहित, उत्पादन सहित" को निति अवलम्बन गरिनु पर्ने,
- पढ्दै कमाउदै र कमाउदै पढ्दै कार्यक्रमको विस्तारीकरण,
- एक स्थानीय तह, एक खरिद बिक्री केन्द (मौलिक बजार),
- प्रत्येक स्थानीय तहमा, भान्सा सुधार अभियान (मौलिक भान्साघर) सञ्चालन,
- वैदेशिक रोजगारबाट सिप सिकेर स्वदेशमा व्यवसाय गर्न चाहने युवा लक्षित कार्यक्रम तर्जुमा गर्ने,
- वैदेशिक रोजगारबाट सिप सिकेर स्वदेशमा व्यवसाय गरी रोजगारी सृर्जना गर्ने व्यक्तिलाई कर छुटका साथै अन्य प्रोत्साहन पुरस्कारको व्यवस्था गरी व्यवसायमा आकर्षित गर्ने,
- शिक्षित यूवाको लागि प्रथम खेती, मद्यम व्यपार, अन्तिम नोकरी भन्ने उक्तिलाई चरितार्थ गरी जागिर खाने मानसिकता लाई निरुत्साही गन,
- प्रदेश तथा स्थानीय सरकारले नीजि क्षेत्रको लगानी भित्रयाउने नीति बनाउने,
- व्यवसायिक कृषकको पहिचान गरी स्थानीय सरकार ले अगुवा कृषक हैन की व्यवसायिक कृषकको परिचय पत्र उपलब्ध गराउनु पर्ने,
- बिषयगत कृषि सहकारीको माध्यमबाट बस्तुको उत्पादन तथा सामुहिक ढुवानीको व्यवस्था गरिनु पर्ने,
- Value chain base cooperative को माध्यमबाट एक सहकारी एक उत्पादन को निति अवलम्बन गरी व्यवसायको विकास तथा बिस्तार गर्ने,
- हाल रहेको कृषकको सख्या घटाएर व्यवसायिक कृषकको सख्या बढाउने निति लिनु पर्ने,
- कृषिमा आधुनिकीकरण तथा यान्त्रिकीकरण गर्न विशेष कार्यक्रमहरु संचालन गरिनु पर्ने,

- परम्परागत जातहरु (जर्मप्लाज्म) को संरक्षण गरिनु पर्ने,
- पोष्ट हार्भेष्ट नोक्सानी घटाउने,
- स्थानिय उत्पादन, स्थानीय स्तरमा नै उपभोगः भोकमरी को अन्त्य गरी पौष्टिक आहार खाने बानी बसाल्नु पर्ने,
- "खानालाई खेर नफालौ" भन्ने नारा सहित खाना बचाउने पहल गर्ने,

  चाहना भए बहाना बनाउनै पर्दैन,

  चाहना राख्नुहोस बहाना आफै भाग्छ ।

**१०) त्रिभुवन बाल मा.वि., कावासोति, नवलपुर**

**क) विद्यालयमा भएका फरक अभ्यासहरु**

- ल्याबरोटरी शिक्षण सिकाइ,
- मन्टेश्वरी शिक्षण सिकाइ,
- अलग अलग विषयगत प्रयोगशाला,
- घरघरमा करेसाबारी, खाने आफ्नै तरकारी,
- आविष्कार केन्द्र दैनिक संचालन (४-६ बजे सम्म),
- IPD (Inner Power Development) Period.,
- Friday Book Free Day.,
- Level Test, Level Class.,
- Mentoring to all teachers individually.,
- Mathematic Master plan.,
- घरघरमा डस्टविन,घरघरमा फूलबारी,
- बार्षिक लिखित शिक्षक प्रतिवद्धता,
- जीवन बनाउने योजना ।

  (Home Routine)




- कक्षा १ देखि १० सम्म अंग्रेजी माध्यममा कक्षा संचालित,
- कक्षा ११ र १२ मा नेपाली र अंग्रेजी दुवै माध्यममा संचालित,
- कक्षा ११ र १२ मा व्यवस्थापन, होटेल म्यानेजमेन्ट र विज्ञान विषय संचालित,
- बाबालिकाहरुको अन्तर्निहित प्रतिभाको विकासकालागी हरेक शुक्रवार बालबालिकाहरुको ईच्छा अनुसारको कार्यक्रमको लागी संयोजक शिक्षक सहितको विभिन्न क्लबको व्यवस्था भएको,
- बाल क्लब, ईको क्लब, संगीत तथा नृत्य क्लब, पत्रपत्रिका क्लब, भलिबल क्लब, टेनिस क्लब ।

**ख) मन्टेस्वरी (बाल कक्षा)**

- बाल कक्षा विद्यार्थी संख्या २०८ जना,
- Indoor र outdoor अलग अलग Play ग्राउण्ड रहेको,
- एउटा कक्षा मा २५ जना बरावर विद्यार्थी राखिने,
- Fun and Game Teaching System को व्यवस्था भएको,
- स्मार्ट टि.भी. र प्रसस्त खेल सामाग्रीको व्यवस्था भएको,
- निन्द्रा लाग्ने लाई Low bed को व्यवस्था भएको,

- २ जना आयाको व्यवस्था भएको,

**ग) विद्यालयले गरेका थप अभ्यासहरु**

- ''घरघरमा करेसाबारी, खाने आफ्नै तरकारी'' अन्तर्गत तरकारी खेती कार्यक्रम संचालनमा,
- ल्याब्रोटरी शिक्षण सिकाई घोषणा,
- विषयगत ल्याबमा पढाई हुने (सामाजिक, नेपाली, अंग्रेजी, विज्ञान, गणित, STEM प्रयोगशाला),
- E–Bicycle निर्माण र प्रयोग,
- पुस्तकालयको व्यवस्था,
- शैक्षिक संग्रहालय,
- स्थानीय विषयको रुपमा यस विद्यालयमा कक्षा ६ देखि कक्षा ११/१२ सम्म अध्ययन अध्यापन गर्न गराउन विद्यालयमा ICT ल्याबको व्यवस्था गरिएको छ । साथै SMART Board को प्रयोग गरी अध्यापन गराइएको छ,
- विभिन्न किसिमका खेलकूद सञ्चालन (तेक्वान्दो लगायत...),

**११) भीमसेन आदर्श नमूना मा.वि., देवचुली न.पा., नवलपुर**

**क) भीमसेन आदर्श मा.वि. नै किन?**

- जिल्ला, प्रदेश र राष्ट्रकै उत्कृष्ट विद्यालय,
- गुणस्तरीय, व्यवहारिक शिक्षा,
- दक्ष अनुभवी शिक्षकको व्यवस्था,
- अनुशासन र सिकाइको थलो रहेको,
- सुन्दर र वातावरणमैत्री, विद्यार्थीमैत्री वातावरण,
- यातायातको सुविधा, सुविधासम्पन्न कम्प्युटर ल्याब,
- नविनतम प्रविधिमा आधारित शिक्षण सिकाइमा जोड,
- निदानात्मक तथा उपचारात्मक नियमित कक्षा,
- अनुशासित विद्यार्थी, शिक्षक र अभिभावक,
- सुविधासम्पन्न पूर्व प्राथमिक कक्ष र सिकाइ,
- निरन्तर विद्यार्थी मुल्यांकन एवं समिक्षा,

## ख) विद्यालयको सांगठनिक संरचना




## ग) विद्यालयमा गठन भएका विभागहरू

| क्र.स. | फाँटको नाम | क्र.स. | विभागको नाम |
|---|---|---|---|
| १ | परीक्षा विभाग | १ | सामाजिक तथा जनसंख्या विभाग |
| २ | कक्षा ११ र १२ इन्चार्ज | २ | गणित विभाग |
| ३ | मा.वि. इन्चार्ज (९-१०) | ३ | नेपाली विभाग |
| ४ | आधारभूत तह. इन्चार्ज (६-८) | ४ | अंग्रेजी विभाग |
| ५ | आधारभूत तह इन्चार्ज (कक्षा १-५) | ५ | विज्ञान विभाग |
| ६ | ECD तह इनचार्ज | ६ | लेखा, अर्थशास्त्र तथा व्यवसाय विभाग |
| ७ | अनुशासन छात्रवृत्ति तथा कार्यक्रम | ७. | कम्प्युटर विभाग |
| ८ | सरसफाइ तथा वृक्षारोपण | | |
| ९ | अतिरिक्त क्रियाकलाप | | |
| १० | बालक्लब, स्काउट, रेडक्रस तथा विद्यार्थी परामर्श | | |
| ११ | बालमैत्री तथा लैगिक समानता | | |
| १२ | लेखन रंगरोगन तथा श्रगार | | |

## घ) विद्यालयले प्राप्त गरेका सफलताहरू

- जिल्लामै प्रथम अङ्ग्रेजी माध्यम सञ्चालन गरी शत प्रतिशत प्रथम श्रेणीमा उत्तीर्ण गराउन सफल,
- शिक्षा मन्त्रालयबाट २०६७ मा नेपालमै तेस्रो उत्कृष्ट विद्यालयको रुपमा

सम्मानित,

- शिक्षा मन्त्रालयबाट २०६८ मा नेपालमै उत्कृष्ट विद्यालयको रुपमा सम्मानित,
- शिक्षा मन्त्रालयबाट २०६९ मा नेपालमै उत्कृष्ट विद्यालयको रुपमा सम्मानित,
- लगातार तीन पटक ८०% भन्दा बढी रिजल्ट ल्याई शिक्षा मन्त्रालयबाट २०७० मा सम्मानित जिल्लाको एकमात्र विद्यालय,
- शै.स. २०७१ र २०७२ मा प्र.अ. र वि.व्य.स.लाई राष्ट्रिय पुरस्कारद्वारा सम्मानित विद्यालय ।
- एस.एल.सी मा उत्कृष्ट रिजल्ट प्राप्त गरेकाले जिल्ला शिक्षा कार्यालयबाट निरन्तर सम्मानित,
- नेपाल राष्ट्रिय अभिभावक संघ नवलपरासी, शिक्षकका पेशागत संघ संगठन, अन्य सामाजिक संघ संस्थाहरु र विभिन्न विद्यार्थी संघ संगठन बाट उत्कृष्ट विद्यार्थीहरु सम्मानित,
- ज्ञानोदय छात्रवृत्ति योजनाबाट उत्कृष्ट शिक्षकको रुपमा शिक्षकहरुलाई सम्मानित,
- अंग्रेजी माध्यम र नेपाली माध्यमतर्फ सत प्रतिशत सम्म रिजल्ट ल्याउन सफल,
- शै.स. २०६८ मा ९१.२५% अंक प्राप्त गरी छात्र आकाश न्यौपाने नेपाल प्रथम,
- शै.स. २०६८ मा छात्रा अमृता भुसाल ८६.२५% अंक प्राप्त गरी जिल्ला प्रथम ।
- जिल्लामा पटक पटक प्रथम तथा उच्च रिजल्ट दिने विद्यालयको रुपमा सम्मानित,
- जिल्लाकै अधिक विद्यार्थी भएको र अधिक विद्यार्थी पास गराउन सफल विद्यालय,
- एस.एल.सी र एस.ई.ई. मा अधिक विद्यार्थी सम्मिलित गराई सफल गराउने विद्यालय,
- एस.ई.ई. २०७३ मा ३.९ GPA प्राप्त गरी छात्रा सन्दिप्ति भट्ट नेपालमै उत्कृष्ट,
- एस.ई.ई. २०७३ मा ३.९ GPA सहित छात्र शुसन कोइराला जिल्ला प्रथम,
- एस.ई.ई. २०७४ मा २३ जना विद्यार्थीले ३.६ GPA देखि ४.० GPA सम्म ल्याई जिल्लाको उत्कृष्ट कक्षा ११ र १२ तर्फ ८२.२५% सम्म रिजल्ट दिन सफल जिल्लाकै उत्कृष्ट विद्यालय,
- शैक्षिक सत्र २०७९ को एस.ई.ई.मा ३.९० जिपिए सहित छात्रा तर्फ जिल्ला प्रथम,

- कक्षा १२ तर्फ ८४ % अंक ल्याई छात्र कञ्चन गिरी जिल्लामा प्रथम हुन सफल,
- कक्षा १२ (२०८०) मा ३.८३ जि.पि.ए. सहित रुष्मा थापा जिल्ला प्रथम
- ज्ञानोदय छात्रवृत्ति योजना (CG), EMBOCS Nawalparasi र नगरपालिकाबाट उत्कृष्ट रिजल्टमा सम्मानित विद्यालय,
- शैक्षिक सत्र २०७७, २०७८, २०७९, २०८० मा कक्षा ५,८,१०,१२ मा नगरपालिका र जिल्ला मा उत्कृष्ट रिजल्टका साथै नगरपालिकाबाट सर्वोत्कृष्ट विद्यालय र शिक्षकलाई सम्मान,




## ङ) विद्यालयले सञ्चालन गरेका फरक/असल अभ्यासहरु

- विद्यालयमा गठित प्रत्येक विभागले विभागीय कार्यविधि तयार गरी प्र.अ.समक्ष बुझाइ सोही अनुसार आफ्नो वार्षिक कार्यक्रम कार्यन्वयन गर्ने गरिएको
- नियमित दैनिक शैक्षिक योजना डायरी कार्यान्वियन गरी कक्षामा अध्यापन गर्ने गरिएको,
- विषयगत दखल विद्यार्थीहरुलाई My Second Teacher को रुपमा व्यवस्थापन गरिएको,
- विद्यालयको प्रवेशद्वारमा नियमित सदनात्मक न्यानो स्वागत सहितको प्रवेश गराउने गरिएको,
- शिक्षक कार्यसम्पादन सम्झौता निर्माण गरी कार्यान्वियन गर्ने गरिएको,
- प्रत्येक कक्षाको विद्यार्थीहरुको प्रतिभा पहिचान गरी सदन मार्फत सदनात्मक कार्यक्रमहरु गर्ने गरिएको,
- नियमित विद्यार्थी उपस्थिति विद्यालयको दैनिकी विद्यार्थी प्रोफाइल बोर्डमा अपडेट गर्ने गरिएको,

- एस.ई.ई. परीक्षामा सर्वोत्कृष्ट जि.पि.ए. ४ ल्याउने विद्यार्थीहरुलाई १ लाख पुरस्कार नगद राशी सम्मानको व्यवस्था गरिएको,
- आधारभूत तह परीक्षा कक्षा ८ मा सर्वोत्कृष्ट जि.पि.ए. ४ ल्याउने विद्यार्थीलाई रु २५,००० नगद राशी पुरस्कार व्यवस्था गरिएको,
- कक्षा ५ को स्तरकृत परीक्षा सर्वोत्कृष्ट जि.पि.ए. ४ ल्याउने विद्यार्थीलाई रु १५,००० नगद राशी सहित सम्मान गर्ने व्यवस्था गरिएको,
- जिल्लामा वा पालिकामा उच्च औषत सिकाइ उप्लब्धि सहित प्रथम हुने विषय शिक्षकलाई नगद पुरस्कार एवं कदर प्रत्र सहित सम्मान गरिएको,
- औसत सिकाइ उपलब्धिका आधारमा शिक्षकहरुबीच स्वस्थ्य प्रतिस्पर्धात्मक वातावरण तयार गरी प्रत्येक वर्ष उत्कृष्ट शिक्षकहरुको घोषणासहित पुरस्कृत गर्ने व्यवस्था गरिएको,
- प्रत्येक महिनाको उत्कृष्ट मनिटर छनोट गरी प्रार्थना सभामा सम्मान गर्ने गरिएको,
- विद्यालयको अभिभावक भेलामा ९५% अभिभावक सहभागी गराइ अन्तरक्रिया गर्ने गरिएको,
- फोहोर पनि नगरौँ सफा पनि गर्नुपर्दैन भन्ने अभियान लागु गरिएको,
- देशको सस्कृति, भेषभुषा, परम्परालाइ जीवन्त राख्न विद्यालयमा हरेक कार्यक्रममा पञ्चेबाजाबाट स्वागत गर्ने गरिएको र अतिरिक्त समयमा इच्छुक विद्यार्थीलाई बाजा बजाउन सिक्ने कार्यमा संलग्न गराइएको,
- शैक्षिक, व्यवस्थापकिय, भौतिक (विद्यार्थी प्रोफाइल, शिक्षक प्रोफाइल, अतिरिक्त कक्षा हाजिरी, कार्यविधि) लगाएत विद्यालयसँग सम्बन्धित हरेक पक्ष निरन्तर अपडेट गर्ने गरिएको एवं अभिलेख राख्ने गरिएको आवश्यक परेको खण्डमा सजिलै पाइने भएको,
- प्रत्येक परीक्षामा विद्यार्थीको सुक्ष्मगत मूल्याङ्कन शनिबार निमार्णात्मक परीक्षा गरी नतिजा विशलेषण गर्दै सुधारका उपाय अबलम्बन गर्ने गरिएको । प्रत्येक शनिवार परीक्षा संचालन गरी सेक्सनगत पुरस्कृत गर्ने गरिएको,
- नवलपरासी जिल्लामा नै सम्भवत पहिलो योग एवं ध्यान कक्षा स्थापना गरी अभ्यास गर्ने गराउने गरिएको,
- सिकाइलाई आयआर्जनसँग जोडी विद्यालयको नौमति बाजा समुहलाई विभिन्न विवाह, पूजा, लगायत अन्य पर्वहरुमा पठाउने गरिएको,

- देवचुली नगरपालिकाको पहिलो प्रविधिमैत्री सामुदायिक विद्यालय,
- नेपालमै पहिलो पटक मुस्कान सहितको प्रवेशको थालनी गर्ने विद्यालय,
- विद्यार्थीको गतिविधिलाई सफ्टवेयरमार्फत व्यवस्थापन गरिएको,
- प्रत्येक कक्षामा लिडर र मनिटरको व्यवस्था गरी कक्षाकोठाभित्र सुधार्नुपर्ने कुराहरु लिखित र मौखिक रुपमा प्रतिवेदन पेश गर्ने परिपाटी मिलाइएको,
- प्रोजेक्टर, ल्यापटप, कम्प्युटर जस्ता आधुनिक एवं नविनतम प्रविधिको प्रयोग गरी कक्षा शिक्षण संचालन गरिएको,
- Responsibility and Accountability को कुरालाई व्यहारिक रुपमा प्रयोग,
- हरेक दिनको प्रार्थना सभामा महत्वपूर्ण घटना र विषयमा विचार राख्ने अवसर र आकर्षक साङ्गितिक पिटिको व्यवस्था,
- कक्षा ११ र १२ का विद्यार्थीहरुलाई छात्रवृत्ति विभागको सिफारीसमा अर्न्तवार्ता एवं अन्य मूल्याङ्कन सहित छात्रवृत्तिको व्यवस्थापन गर्ने गरिएको,
- सफ्ट स्किललाई पूर्णरुपमा लागू गरी कक्षालाई प्रभावकारी बनाउदै सिकाइ उपलब्धिलाई मापनयोग्य गरिएको,
- वार्षिक शैक्षणिक योजना, शिक्षक तालिम, शैक्षिक सामग्रीहरुको निर्माण तथा खरिद सहित शैक्षिक वर्षको सुरुवातमै सबै शिक्षकहरुले आफ्नो आफ्नो तयारी पूरा गरेको हुनुपर्ने व्यवस्था गरिएको,
- कराँते एथेलेटिक्स जस्ता खेलहरुको विद्यालयमा नै नियमित प्रशिक्षणको व्यवस्था गरिएको,
- एकै समयमा ५०० जना सम्म राखेर अन्तरक्रिया एवं छलफल गर्न अडिटोरियम हल निर्माण गरी नियमित बैठक, सभाहरु संचालन गर्ने गरिएको,
- बाल कक्षाका विद्यार्थीहरुलाई खेल्दै रमाउदै सिक्ने प्रवृतिको विकास गर्न छुटै व्यवस्थित बाल उद्यानको निर्माण गरिएको । बाल उद्यानमा पर्याप्त खेल सामग्री एवं शैक्षिक सामग्रीको व्यवस्थापन गरिएको,
- नियमित रुपमा सम्पूर्ण शिक्षकहरुलाई पाठ्यक्रम प्रबोधिकरण, विषयगत शिक्षण विधि, शैक्षिक सामग्री निर्माण, प्रश्न निर्माण, विशिष्टीकरण तालिका निर्माण तथा उत्तर कुञ्जिका निर्माण, नमुना उत्तरपुस्तिका परीक्षण लगाएतका पुर्नताजगी कार्यक्रमहरुको व्यवस्था गरिएको,
- विद्यार्थीको क्षमता पहिचान गर्नु नै असल शिक्षा हो भन्ने मान्यता स्थापित

गरी शिक्षकहरुलाई एक उत्कृष्ट एवं फरक शैलिको शिक्षक बन्न प्रेरित गर्ने गरिएको,

- विद्यालयमा जुनसुकै समुदाय, वर्गवाट आउने सबैखालका विद्यार्थीहरुको भर्नाको सुनिश्चतता,
- आर्थिक अवस्था कमजोर भएका पालिका भरीका १०० भन्दा बढी विद्यार्थीहरुलाई निशुल्क अध्ययन,
- अन्यत्र कतै सुधार हुन नसकेको विद्यार्थीहरुलाई विद्यालयमा प्रवेशको अवसर प्रदान गरी उपचारात्मक विधिको माध्यमबाट व्यक्तिगत वा शैक्षिक पक्षमा सुधार गरिएको,
- अतिरिक्त क्रियापकलापमा सहभागी हुँदा विद्यालय निरन्तर प्रथम, द्धितीय तृतीय हुने गरेको,
- विद्यालयबाट कक्षा १२ उत्तीर्ण प्रथम विद्यार्थीलाई विद्यालयमा नै जागिरको सुनिश्चितता गरिएको,
- विद्यालयले राख्ने विद्यालय स्रोत शिक्षक वा स्थायी सरुवा भइ आउने शिक्षक गोल मेडालिस्ट वा प्रथम श्रेणीलाई मात्र राख्ने निति अबलम्बन गरिएको,
- विद्यार्थी कम्तीमा २ दिन सम्म अनुपस्थित भएमा विद्यार्थीको अभिभावकलाई सम्पर्क गरी जानकारी लिने दिने गरिएको,
- तथ्यांक प्रस्तुतीकरण एवं समीक्षा सहितको नियमित शिक्षक स्टाफ बैठक वस्ने गरिएको,
- कुनै कार्यक्रम गर्नुपूर्व शिक्षक स्टाफमा कार्यक्रमको कार्यविभाजन गर्ने गरिएको, कार्यक्रम पश्चात कार्यक्रमको उपलब्धी एवं विविध विषय सम्बन्धमा समीक्षा वैठक वस्ने गरिएको,
- २०८० लाई विद्यार्थी पहिचान र अक्षर सुधारको बर्षको रुपमा घोषणा,
- १ कक्षा १ प्रोजेक्टर कार्यक्रमका लागि फुड फेस्टिवलको आयोजना,
- Homework Dairy\Academic Dairy Class १-१० लागु गरिएको,
- प्रश्नपत्रको निर्माण कार्यशाला मार्फत प्रश्नपत्र निर्माण गरी विद्यार्थीको मूल्यांकनमा प्रयोग गर्ने गरिएको ।,
- विद्यालयपरिसरमा विद्यार्थी आचारसहिता एवं सन्देशमुलक भनाइहरु टाँस गरिएको,
- आइसिटि मैत्री कक्षाकोठाको निर्माण एवं व्यवस्थापन उद्देश्य अन्तर्गत हरेक

कक्षा, हल, अफिसरुम सवैमा प्रोजेक्टर जडान गरिएको,

- विद्यालयमा सदनगतरुमा विद्यालयको प्राथना, राष्ट्रिय गान, सामान्य ज्ञान प्रश्नोत्तर लगायत हरेक दिनको प्राथना सभामा सरस्वती बन्दना वाचन गर्ने, महत्वपूर्ण विषयमा विचार राख्ने र आकर्षक सांगितिक पिटिको व्यवस्थापन गर्ने गरिएको,
- बालबिकास, १-५, ६-८, ९-१०, ११-१२ गरी १ जना इन्चार्ज व्यवस्थापन गरिएको,
- विद्यालयस्रोतका शिक्षकहरुको संचयकोषको व्यवस्थापन गरिएको,
- नियमित रुपमा सम्पूर्ण शिक्षकहरुलाई पाठ्यक्रम प्रबोधिकरण, विषयगत शिक्षण विधि, शैक्षिक सामग्री निर्माण, प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, नमुना उत्तरपुस्तिका परिक्षण लगाएतका पुर्नताजगी कार्यक्रमहरुको व्यवस्था गरिएको ।
- नियमित रुपमा विद्यार्थी मुल्यांकन, विलिङ्ग लगाएताका क्रियाकलाप गर्नका लागि विद्यालयले छुटै सफ्टवेयर डाइनामिक सफ्टवेयरको व्यवस्थापन गरिएको ।
- प्रथम त्रैमासिक परीक्षाको उत्तरपुस्तिकासहितको मूल्यांकन प्रतिवेदन सम्बन्धित अभिभावकहरुलाई भेला मार्फत विषयगत शिक्षकहरुबाट सुझाव आदान प्रदान सहित वितरण गर्ने गरिएको,
- विद्यालय नर्सद्वारा नियमित विद्यार्थीहरुको स्वास्थ्य सेवा, स्वास्थ्य परामर्श एवं स्वास्थय परीक्षण गर्ने गरिएको,
- आवश्यकता अनुसार कमजोर विद्यार्थीहरुलाई नियमित कक्षाको व्यवस्था ।
- एकै परिवारबाट विद्यालयमा २० लाख बराबरको छात्रवृत्ति अक्षयकोषको स्थापना भएको,
- विषयगत विभागको गठन, विभिन्न फाँटहरुको विभाजन र नियमित बैठक
- बन्द तथा हड्तालमा समेत विद्यालय सञ्चालनमा जोड,
- वर्षे विदा, हिउँदे विदा र अन्य चाडपर्व विदाहरुमा अध्यापन र सुविधाको व्यवस्था,
- राष्ट्रिय, जिल्ला, EMBOCS, स्रोतकेन्द्र स्तरीय ECA मा सहभागीता
- खाली पिरियडको व्यवस्थापनका लागि कार्यविधिको निर्माण र विद्यार्थीको व्यवस्था,
- बार्षिक विद्यार्थी शैक्षिक अवलोकनको व्यवस्था (कक्षा ९ र १२),
- वि.व्य.स., शि.अ.संघ, र शिक्षकहरुद्वारा नमूना विद्यालय अवलोकन,

- शैक्षिक सत्र २०७९ मा नेपाल भरिबाट ३० विद्यालय र २०८० सम्म ५६ र २०८१ मा हाल सम्म २२ वटा विद्यालयले यस विद्यालयको असल अभ्यास अवलोकन
- वि.व्य.स., शि.अ.सं., शिक्षक र विद्यार्थीहरुसँग नियमित अन्तरक्रिया, छलफल तथा परामर्श,
- अभिभावक र सरोकारवाला पक्षहरुसँग नियमित अन्तरक्रिया, छलफल तथा परामर्श,
- शिक्षक तालिम र उत्कृष्ट शिक्षक सम्मानको व्यवस्था,
- विद्यार्थीको स्तर पहिचान गरी आवासीय कक्षा, अतिरिक्त कक्षा तथा शनिबार परीक्षा संचालन,
- स्वर्णपदकद्वारा विद्यार्थी सम्मान, उत्कृष्ट विद्यार्थी सम्मान तथा नियमित प्रोत्साहन,
- Home Visit, Motivation तथा Counseling Class को नियमित व्यवस्थापन,
- शिक्षक, अभिभावक र विद्यार्थी आचारसंहिता निर्माण र प्रभावकारी कार्यान्वयन
- शान्त, स्वच्छ, मर्यादित र बालमैत्री वातावरण,
- पूर्ण Cheat less परीक्षा प्रणाली र नतिजाको पृष्ठपोषण,
- अंग्रेजी र नेपाली माध्यम सहित कम्प्युटर शिक्षाको पठनपाठन,
- जेहेन्दार, विपन्न, दलित, फरक क्षमता, सीमान्तकृत तथा विशेष छात्रवृत्तिको व्यवस्था,
- प्रोजेक्टरको प्रयोग सहित प्रविधिमैत्री सिकाईको व्यवस्था,
- प्रति शिक्षक अनिवार्य एक ल्यापटपको व्यवस्था,
- चुस्त प्रशासन, व्यवस्थित र पारदर्शी अभिलेखका लागि सफ्ट्वेयरसहितको लेखाप्रणाली,
- पुस्तकालय र वाचनालय, E–Library, विज्ञान र कम्प्युटर ल्याब, योग तथा ध्यान कक्ष,
- नव प्रवेशी विद्यार्थीहरुको स्तर निर्धारण परीक्षा र सो अनुसार कक्षा व्यवस्थापन,
- अक्षर सुधार कार्यविधि निर्माण र प्रभावकारी कार्यान्वयन,
- परीक्षा कार्यविधि निर्माण र प्रभावकारी कार्यान्वयन,
- विद्यार्थी आचारसंहिता र सचेतनाका लागि प्रतिबद्वता सहितको अभिलेख,
- नौमति बाजा सहितको साङ्गीतिक तथा नृत्य कक्षको व्यवस्था,
- अंग्रेजी भाषा सुधारका लागि गुरुकुल शैक्षिक सामाग्री सहितको सभाहल,
- Handwriting Improvement training संचालन,
- शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन,

- विद्यालयले नमूना विद्यालय कार्यक्रम अन्तर्गत विद्यालय सुधार वहुवर्षिय गुरु योजना (२०७६-२०८१) निर्माण गरी लागु,
- दिवा खाजा, अतिरिक्त कार्य बापत सुविधा सञ्चय कोष क्याबि, पर्व, बचत बापत रकम,
- विकु वचत तथा ऋण सहकारी संस्था लिमिटेडको सहकार्यमा स्कुल स्कुलमा विकु समिति गठन,
- २०८१ साल लाई विद्यालय पूर्ण प्रविधीमैत्री बनाउनका लागि आधार निर्माण,
- छात्रा विद्यार्थीका लागि आवश्यक थप भेन्डीङ् मेसीनको व्यवस्था,

**च) विद्यालयका भावी योजना र कार्यक्रमहरु**

- कक्षागत उत्तीर्ण प्रतिशतलाई समग्रमा ९३.३९ % बाट ९७.०० % सम्म पुऱ्याउने ।
- सिकाई उपलब्धि कक्षा ६,७ र ९ लाई समग्रमा GPA ३.२० बाट GPA ३.५५ सम्म पुऱ्याउने,
- सिकाई उपलब्धि कक्षा ८ लाई समग्रमा GPA २.९९ बाट GPA ३.३ सम्म पुऱ्याउने,
- सिकाई उपलब्धि कक्षा १० लाई समग्रमा GPA २.९६ बाट GPA ३.३ सम्म पुऱ्याउने,
- सिकाई उपलब्धि कक्षा १२ लाई समग्रमा ७२.०४ बाट ८०% सम्म पुऱ्याउने ।
- गुणस्तर वृद्धिका लागि कार्यपत्र, सोध पत्र प्रस्तुत र कार्यमुलक अनुसन्धानको प्रयोग गरिने,
- ग्रिड निर्माण, नमुना प्रश्नपत्र तथा प्रश्न बैंक निर्माण, उत्कृष्ट उत्तर पुस्तिका प्रदर्शन,
- नमुना कक्षा प्रदर्शन, विद्यार्थी व्यक्तिगत अभिलेख फाइलको निर्माण,
- शैक्षिक गुणस्तर प्राप्तिका लागि शैक्षिक सामग्रीको थप प्रयोग र व्यवस्थापन गर्ने,
- अभिभावक भेलामा रहेको औसत उपस्थिति ९५ प्रतिशतबाट ९८ प्रतिशत सम्म पुऱ्याउने,
- गुणस्तर वृद्धिका लागि सरोकारवाला पक्षहरुका बीचमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,
- नव प्रवेशी शिक्षक तथा अन्य शिक्षकहरुका लागि ३ दिने पेशागत तालिमको व्यवस्था,
- आवश्यकता अनुसारको अतिरिक्त कक्षा सञ्चालन,
- वि.व्य.स., शि.अ.संघ, शिक्षक र विद्यार्थी (प्रतिनिधि) द्वारा नमूना विद्यालय Visit कार्यक्रम,
- छिमेकी तथा फिडर विद्यालयका अध्यक्ष र प्र.अ.हरुको नियमित रुपमा संयुक्त भेला गर्ने,

- प्रति कक्षा एक प्रोजेक्टर सहित प्रविधिमैत्री कक्षा सञ्चालन गरिने,
- प्रत्येक कक्षामा सि.सि.क्यामेरा र क्लासरुप स्पिकर (अफिसबाट नै एक पटकमा सवै कक्षामा आवश्यक निर्देशन, मेडिटेशन र सहज सुचना ) पहुँचको व्यवस्था सहित पुर्ण प्रविधिमैत्री कक्षा,
- विद्यालय परिसरलाई पूर्ण रुपमा जङ्क फूड निषेध गरिने,
- विद्यालयका असल अभ्यासहरुलाई थप व्यवस्थित गरिने,
- Happy Teacher, Happy Student, Happy Curriculum, Happy Society को योजना अनुसार अगाडि बढने,
- विदाइ हुन बाँकि रहेका सम्पूर्ण शिक्षकहरुको विदाइ गरिने,
- भू.पू. वि.व्य.स., शि.अ.संघ, प्र.अ., शिक्षक र विद्यार्थीहरुलाई सम्मान गरिने,
- विद्यालयलाई योगदान पुर्‍याउने अभिभावक तथा विशिष्ट व्यक्तित्वहरुलाई सम्मान गरिने,
- उत्कृष्ट नतिजा दिने विद्यार्थीहरुलाई स्वर्णपदकद्वारा सम्मान गरिने,
- फूड फेस्टिवल, सङ्ग्रहालय सामग्री प्रदर्शनी, गणित तथा विज्ञान सामग्री प्रदर्शनी गरिने,
- विभिन्न जातजातिहरुको भेषभुषा तथा संस्कृति झल्कने झाँकी प्रदर्शन गरिने,
- समुदाय र विद्यालयका विद्यार्थीहरुलाई सिप र श्रमसँग जोडन विद्यालयमा श्रमदानका लागि उत्प्रेरित गर्ने,
- प्र.अ. र शिक्षकहरुबीच कार्यसम्पादन करार सम्झौता पत्र तयार गरी सो अनुसार कार्य गर्ने,
- तयार गरिएको फाराम अनुसार प्र.अ. बाट कक्षा अवलोकन गरी आवश्यक पृष्ठपोषण गर्ने,
- आवश्यकता अनुसार कार्यविधि तथा आचारसंहिता तयार गरी कार्यान्वयन गर्ने,
- नमुना विद्यालयका लागि बाल कक्षा देखिका कक्षाहरु सञ्चालन गरिने,
- प्रा.वि. तहका लागि ९ कोठे पक्की भवन निर्माण गरिने,
- मासिक रुपमा विद्यालयको भित्ते पत्रिका



प्रकाशन गरिने,

- विद्यालयको पुस्तकालयलाई सफ्ट्वेयरमा व्यवस्थित गरिने,

**१२) मदरल्याण्ड मा.वि., पोखरा, कास्की**

**क) परिचय**

हाम्रो आदर्श वाक्यः "गुणस्तरीय शिक्षा सबैका लागि" साथ संस्थाको स्थापना वि.सं. २०५१ मा मदरल्याण्ड इङ्लिस स्कूल नामको प्राथमिक विद्यालयको रूपमा भएको थियो, अर्थात् १९९५ AD यसले युवा पुस्तालाई उत्कृष्ट तरिकाले गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्य राखेको थियो। अब, यसले एकेडेमियामा उल्लेखनीय स्थान बनाएको छ। छोटो समयमै १०+२ विद्यार्थीहरूका लागि विज्ञान र व्यवस्थापन स्ट्रिमहरू अत्यन्तै सफलतापूर्वक सञ्चालन गर्दै आएको छ।

देशमा सङ्क्रमणकालबाट सङ्घर्ष गर्दै मदरल्याण्ड ....... युवाहरुलाई गुणस्तरीय शिक्षा दिई नयाँ नेपाल निर्माणमा ठूलो योगदान पुऱ्याउने तयारीमा छ। प्रदुषणमुक्त स्थानमा रहेकोले अन्तिम १६ एसएलसीको नतिजा (अर्थात् १००% डिस्टिंक्शन र केटीहरूबीच बोर्ड सेकेन्डसहित फर्स्ट डिभिजन, २०६२- मनिषा शर्मा, एसएलसी २०६९-९२.८०%-मा बोर्ड पाँचौं) मा आफ्नो उत्कृष्ट प्रदर्शन देखाइसकेको छ। सुजन तिमिल्सिना, २०७३ मा नेपाल सरकारबाट क्षेत्रीय शिक्षा शिल्ड-२०७३ को दाबी गर्दै, साथै, HSEB द्वारा लिइएको परीक्षामा पनि उल्लेखनीय नतिजा आएको छ। यस विद्यालयमा चालु शैक्षिक सत्र २०८१ मा २००९ जना विद्यार्थीहरु अध्ययनरत छन्।

**ख) बालबालिकाहरुले कसरी सिक्छन् ? (विभिन्न किसिमका भिडियोहरु सहित प्रस्तुतीकरण भएको)**

- जीवन र शिक्षाका ४ वटा स्तम्भहरु बौद्धिक विकास, शारीरिक विकास, सामाजिक विकास तथा भावनात्मक विकासमध्ये बौद्धिक विकास बाहेकका सबै स्तम्भहरु अहिले ढलेका छन्।
- अंग्रेजी माध्यम भनेर झन हाम्रा बालबालिकाहरु न त नेपाली राम्रोसँग सिक्न सके न त अंग्रेजीमा नै पोख्त हुन सके।
- त्यसैले बालबालिकाको आफ्नो भाषामा शिक्षण सिकाइ हुनु पर्दछ।
- निजी प्रकाशनका पाठ्यपुस्तक भन्दा जनक शिक्षा सामग्रीबाट मुद्रित पाठ्यक्रम विकास केन्द्रले विकास गरेका पाठ्यपुस्तकहरु स्तरीय छन्।

- बालबालिकालाई खेल्ने समय चाहिन्छ तर निर्देशनहरु होइन ।
- अभिभावकहरुले उनीहरुको हेरचाह गर्नुपर्छ तर प्रशिक्षण होइन ।
- शिक्षकले परीक्षाका बेलामा विद्यार्थीलाई काँधमा हालेर हिँड्ने होइन उनीहरुलाई सिक्ने वातावरण सिर्जना गराइ दिनु पर्दछ ।
- विद्यार्थीहरुलाई सिकाइका लागि उत्साहित बनाउने कार्य शिक्षकले गर्नुपर्दछ ।
- स्वतन्त्र रुपमा पढ्नुः बालबालिकालाई रुचिका पुस्तकहरु छनोट गर्न र आफ्नै गतिमा पढ्न प्रोत्साहित गर्ने र तिनीहरुले यो कक्षामा प्रदर्शन गर्छन जुन दिन तिनीहरु किताबहरु ल्याउँदैनन् । त्यसपछि उनीहरुले त्यही गतिविधिबाट सिकेर लेख्छन्,
- शिक्षामा ज्ञान मात्र होइन मानवताको विकास गर्नुपर्छ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अबलम्बन गर्नुपर्दछ ।
- बालबालिकाको सामाजिक र भावनात्मक विकास गर्ने खालका क्रियाकलापहरु गराउनु पर्दछ ।
- विज्ञानमा प्रयोग : साधारण प्रयोग वा अवलोकनहरु सञ्चालन गर्दा गरौँ, हेरौँ र बुझौ जस्ता स्थानीयस्तरमा उपलब्ध सामग्रीहरुको प्रयोगमा जोड दिनु पर्दछ ।
- किताब विना सिक्ने वातावरण हुनु पर्दछ ।
- शिक्षकहरुलाई निरन्तर तिखारिरहनु पर्दछ । व्यावसायिक विकास, क्षमता वृद्धि कार्यक्रम, सीप अभिवृद्धि सत्र, शिक्षक तालिम कार्यक्रम र शैक्षिक तालिम जस्ता कार्यक्रमहरु प्रत्येक ३ महिनामा हुनुपर्दछ । साथै तालिम कार्यशाला, शिक्षकका लागि अन्तरक्रियात्मक कार्यक्रम, व्यावसायिक अभ्यास सत्र, संकाय विकास कार्यशाला तथा पठन पाठन विधि कार्यशालाहरु पनि सोही अनुसार हुनु पर्दछ ।
- अनुगमन प्रणालीलाई प्रभावकारी बनाई पुरस्कार र सजायको व्यवस्था हुनु पर्दछ ।
- साथीहरुको समूहमा बच्चाहरुलाई सिक्न दिनु पर्दछ ।
- बालबालिकाहरुले आफन्तहरुलाई दिने उपहार आफै बनाउन सक्छन् । वातावारण बनाइदिऔं ।
- व्गलप ँयम, धुमपान तथा मध्यपानबाट टाढै राख्नु पर्दछ ।
- म सक्दिन होइन मैले सक्छु भन्ने बनाउनु पर्दछ ।
- अभिभावकसँग छलफल तथा अभिभाकत्त्वको महशुस सधैँ गराइराख्नु पर्दछ ।

**ग) भावी योजना**

CAS to CAS

## १३) मध्यविन्दु न.पा., नवलपुर (खुशी पाठ्यक्रम)










हाम्रो खुसी पाठ्यक्रम
शैक्षणिक विधिहरुको प्रयोग किन ?
१
MINDFULNESS - for AWARENESS
माइन्डफुलनेस: सचेतताका लागि
२
STORIES - for REFLECTION
कथाहरु: प्रतिबिम्बनका लागि
३
ACTIVITIES - to develop CRITICAL THINKING
गतिविधिहरु: सामालोचनात्मक चिन्तनका लागि
४
EXPRESSIONS - to develop ARTICULATION
अभिव्यक्ति: भाव (मूल्य) प्रकटीकरणका लागि


खुसी कसरी प्राप्त हुन्छ त ?
आफैलाई बुझ्नु
सम्बन्धलाई बुझ्नु
सह- अस्तित्वलाई बुझ्नु
सहभागितालाई बुझ्नु


हाम्रो खुसी पाठ्यक्रमले के गर्छ त ?
मानव आवश्यकता
भौतिक सुविधा
(गाँस, बास, कपास, यातायात.....)
खुसी
(विश्वास, सम्मान, स्नेह, ममता, कृतज्ञता .....)
=
भौतिक सुविधाको टावर
खुसीको टावर


विद्यमान समाजको चित्रण (पृष्ठभूमि)
STRESS
Stress
(तनाव)
Bullying
(धम्की)
Violence
(हिंसा)
परीक्षा नतिजा
नाम: अब्बल विद्यार्थी
ग्रेड: A+ (ए प्लस सबै विषय)
जी.पी.ए. (GPA): ४.००
Depression
(अवसाद)
Anxiety
(चिन्ता)
Suicide
(आत्महत्या)


मानवको आवश्यकता(पृष्ठभूमि)
मानव आवश्यकता
भौतिक सुविधा
(गाँस, बास, कपास, यातायात.....)
खुसी
(विश्वास, सम्मान, स्नेह, ममता, कृतज्ञता, .....)
भौतिक सुविधाको टावर
खुसीको टावर


हाम्रो खुसी पाठ्यक्रम
शैक्षणिक विधि (Instructional Pedagogy)
माइन्डफुलनेस
(Mindfulness)
कथा
( story )
गतिविधि
(Activities)
अभिव्यक्ति
(Expression)


…णिक विधि (Instructional Pedagogy)
हाम्रो खुसी पाठ्यक्रम
माइन्डफुलनेस दैनिक गरिने र आइतबार गरिने गरी दुई किसिमका छन्
१
माइन्डफुलनेस (Mindfulness)


क